# प्राचीन नेपाल

पुरातत्व विभागको मुखपत्र

# ANCIENT NEPAL

## Journal of the Department of Archaeology

संख्या २६
माघ २०३०

Number 26
January 1974

सम्पादक
रमेशजङ्ग थापा

*Edited by*
**Ramesh Jung Thapa**

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्व विभाग
काठमाडौं, नेपाल

**Published by**
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्राप्तिस्थानः–
साझा प्रकाशन
पुलचोक, ललितपुर

To be had of:-
Sajha Prakashan
Pulchok Lalitpur

मूल्य रु. ५।–

Price Rs. 5/-

Printed at Matribhoomi Press, Ghantaghar

प्राचीन नेपाल
संख्या २६
माघ २०३०

# Ancient Nepal

Number 26
January 1974

सम्पादक
रमेशजङ्ग थापा

*Editor*
**Ramesh Jung Thapa**

सहायक सम्पादक
रामचन्द्र ढुङ्गाना

*Assistant Editor*
**Ram Chandra Dhungana**

# विषय-सूची

# Contents


| | पृष्ठ | Page |
|---|---|---|
| नेपाल देशको इतिहास | १ | 1 |
| ऐतिहासिक पत्रस्तम्भ | १५ | 15 |
| जनकपुर अञ्चलको पुरातात्विक सर्वेक्षण २०२८ | | |
| *श्री देवीप्रसाद लंसाल, श्री राधेश्याम भट्टराई* | २३ | 23 |
| कर्णाली प्रदेशका पाल | | |
| *श्री मोहनबहादुर मल्ल* | ३६ | 36 |
| धार्मिक अभिलेख | | |
| *श्री शंकरमान राजवंशी* | ३९ | 39 |
| Excavation and other archaeological activities in Tilaurakot (Ancient Kapilavastu):1973-1974 | | |
| *Mr. Babu Krishna Rijal* | ४१ | 41 |
| Nepal | | |
| *Mr. Sylvain Levi* | ४६ | 46 |

# नेपाल देशको इतिहास

## (गताङ्कको बाँकी)

प्रधानमन्त्री जंगबहादुरले आनन्दसंग शिकार खेल्दै पत्थरघट्टामा पुगेपछि चार हात्ती पक्रे । त्यहाँ तीनचार बाघ र धेरै हरिणहरू मारे । त्यताबाट कटहरवनका छाउनीमा पुगी त्यहाँका रैतीहरूलाई सब रकमकलम माफ दिए । त्यताबाट अंग्रेजको मुलुक ढाका शहरमा पुगी छाउनीमा बसे । त्यताबाट सात दिनमा पटना शहरमा पुगी किल्लाकमरेको श्री साहिलासाहेबज्यूको हवेलीमा बसे । त्यताबाट गएर दानापुर गोलाघर उत्तरतर्फको कोठीमा बसे । त्यहाँका अंग्रेज बडासाहेबहरू आई बडो खातिरसंग फौज खडा गराएर तोपको सलामी दिए । सबै पल्टन र मुलुकी साहेबानहरूले खुशी भई मिजाससंग "अब हजुर बेलायत जान पाउलाग्नुभएको हुनाले दुइ सरकारको दोस्ती र मेल बढ्दछ । फौज, पल्टन र दुनियाँ सबैलाई सबै कुराले बढिया हुन्छ ।" अब बाटालाई जो मद्दत चाहिन्छ फर्माउनुभए हामी ताकिती गर्छौं" भनी विनति गरे । सबारीलाई धूवांकसको जहाज र जो चाहिने रसदसमेत तयार गरी पाउको रखबारीलाई एक कपतान खटाइदिए र रवाना गरिदिए । त्यताबाट प्रस्थान गरी सुन्दरवनको बाटो गरेर ११ दिनमा कलकत्ताशहरको चंपालघाटमा उत्रे । त्यस वेला कलकत्ताशहरको पल्टन परेड गरिरहेको थियो । बादशाही बाजा बजाई तोपको सलामी हुन लागेको थियो । अंग्रेजका मुलुकका साहेबानहरू र मेमसाहेबहरू बग्गीको सबारी गरी आएका थिए । शहरवासी छोटाबडा पनि सबै सामेल भएका थिए । सबालाख मानिसको भीडभाड थियो ।

त्यसपछि बडासाहेबहरू आई टोप उतारेर खुशी भै खातिर गरे । "अब हजुर लण्डन बेलायतमा पाउलाग्नुभएपछि दुइ सरकारको बढिया भई पछिसंम एकचित्त रहन्छ । दोस्तानीमा पनि खलबल हुंदैन । दुवैतर्फका भारदार, फौज, पल्टन, महाजन, दुनियां सबै राजी रहनेछन् । आजसंमका हिन्दुस्थानका बादशाह, नवाब, भारदार कसैले पनि बेलायत जाने मनसुवा गरेका थिएनन् । आज तपाईं बडा प्रतापी र अकलमन्त हुनाले मनसुवा गर्नुभयो । यसबाट विशेष फाइदा हुनेछ । जस्तो महतारीका गर्भमा दश मास रहंदा केही देखिंदैन र जन्म भएपछि नजर खुल्दा पृथ्वी, जल, आकाश, चन्द्र, सूर्यहरूको दर्शन पाएपछि बडो आश्चर्य हुन्छ । त्यस्तै हजुर पाउलाग्नुहुंदा बाटामा समुद्रको बाहाड हुन्छ । नानातरहका जनावर देखिन्छन् । समुद्रको बाहाड र स्वभाव बुझ्दा आफूलाई धेरै फाइदा हुन्छ । बीचमा पांच छ बादशाहको मुलुक देखिन्छ । बेलायत पुगेपछि त्यहाँ बाह्र टोपी बेलायतका रेजिडेन्ट, भारदार, महाजनहरू बसेका छन् । तिनीहरूसंग मुलाकात हुंदा र त्यो मुलुक देख्दा धेरै कुरा जानिन्छ । हजुरलाई जो चाहिने कुरा फर्माएमा हामी ताकिती गर्छौं । कलकत्ताशहरमा जो भएको चीजबीज नजर गर्नुहुन्छ भने नजर गराउँछौं । गढी, किल्ला, फौज, खरखजाना, हातहतियार, कलघर र नाचतमाशा नजर गरेर पाउलाग्नुहोला । यहाँ साहेबानहरू बहुत खातिर गर्दछन् । बेलायत जांदा बाटामा बडा बडा शहरहरू छन् । त्यहाँका साहेबानहरू, लाठ, जनरल र बीचजगाका बादशाहसंग भेटमुलाकात हुंदा हजुरलाई १९ तोपको सलामी दिनेछन् । गढी, किल्ला, नाचतमाशा, फौजहरू पनि नजर गराउनेछन् । यसरी जगा जगामा मिजास गरी बडो खातिर गर्नेछन् ।" भनी कोशलिया

साहैबान गैह्लले विनति गर्दै डेरासंम पुऱ्याई ढारबढार गर्ने टहलुवा र डेउढीमा पहरा राखेर बिदा भई फर्के ।

भोलिपल्द असीवटा खसी, दश मुरी चामल र त्यही-अनुसार च्यूरा, नून, तेल, घ्यू, बेसार, हलुवाईको रोटी, मुरब्बा, अचार, दही, केरा, खोर्सानी, तमाखु, पान, सुपारी फलफूल, मसला, भाजी, तरकारी आदि जो चाहिने सर-जाम टक्ऱ्याए । पाउरखवारीका निंति गएका रैफल पल्टन, बादशाही बाजा बजाउने बाजावाला, लाजिमा गैह्ल र त्यहाँ रहेका टहलुवा, डेउढीदारलगायत पचास साठी जना सबैलाई २०।२५ दिनसंम खान पुग्ने सरजाम हुंदा बराबर खांदै रहे । दुइ घडी रात जाँदा लाठबाट नाचतमाशा हेर्न निंता आयो । आफ्ना भाइ र पगरीसमेत लिई प्राइम्मि-निष्टरको सवारी हुंदा दरवारमा साहेबानहरू र मेम लेडी-साहेबहरूले हजार बाह्र सयको जमात भई भारी गहना पोशाक लगाएर बादशाही बाजा बजिरहेको बैठकमा नाच-तमाशा गर्न लागेका थिए । प्राइम्मिनिष्टर त्यहाँ पुगेपछि लाठसाहेब र मेमसाहेबहरूले सलाम गरी बहुत खातिरजा-मा गरेर कुर्सीमा राज गराई नाचतमाशा देखाए । खाने सरजाम सब तयार थियो । सबै नाचतमाशा हेर्दै थिए । नाच्ने साहेबानहरू र मेमसाहेबहरूले टिफिन खाने सामान पनि तयार थियो । खाने बखतमा सबैले हातमा सराबको प्याला लिइसकेपछि एक साहेबले उठेर "क्विन भिक्टोरि-याको जय रहे, मेमसाहेबको जय रहे, लाठ दिलजसीको जय रहे, नेपालका प्राइम्मिनिष्टर याण्ड कम्याण्डर इन चीफ जनरल जंगबहादुर राणाजीको जय रहे" भनी चार जनाको नाउं लिएर सबैले प्याला उठाई खाए । तिनीहरूले भोजन गर्दा यस्तो गर्ने चलन रहेछ ।

भोलिपल्ट कलकत्ताशहर, छाउनी, अड्डा, किल्ला, बाग, बगैंचा, तलाउ, शहर, बजार पानीको कलघर, कपडा बुन्ने, रुपियांको टक मार्ने, चिठी कागजमा छाप मार्ने आदि कलले गर्ने काम भित्र बाहिर सबै ठाउंको प्रत्येक गरी देखाए । अनि मिनिष्टरबाट "श्री ठाकुरजीको दर्शन गर्न जान्छु, जगा जगामा मियानाको डाक राखिदेऊ" भन्ने हुकुम भयो । प्राइम्मिनिष्टर उत्तिखेरि डाकमा रवाना भई कलकत्ताबाट चार दिनमा पुगी श्रीठाकुरजीको दर्शन गरेर नित्य भोग लगाउनका निंति चार हजार अटका राखी त्यहाँबाट फेरि चारै दिनमा कलकत्ता दाखिल भए । कल-कत्तामा २०।२२ दिन मुकाम गरेपछि जो चाहिने सरजाम हुटन भन्ने धूवाकस जहाजमा हाली बेलायततर्फ प्रस्थान गरे । त्यो जहाज दुइ सय हात लामो, पचास हात गज, सात तला ऊचो र हजार बाह्र सय मानिस बस्न हुने थियो । मानिसपीछे पलङ, बिछ्याउना, खानेकुरा तयार थियो । एक दिनमा तीनपल्ट मेवा, पानी, दाल, भात, रोटी, मासु, घ्यू, चिनी, फलफूल जे इच्छा लाग्छ तयार थियो । बादशाही बाजा बजिरहेका र अंग्रेजका मेम लेडीहरू नाचतमाशा गरिरहेका छन् । साहेबानहरू र मेम-साहेबहरू कोही बन्दूकले तारो ताकी हान्दछन् त कोही कौशीमा वसी हावा खान्छन् ! कोही भने देशदेशावरको बयान र शास्त्रको कुरा भएको किताब हेर्दछन् । त्यस जहाजमा बाह्र सय मानिस बसेका छन् र आआफ्ना काम-मा लागेका छन् । खल्याङबल्याङ भनेका कत्ति पनि छैन । कोही पनि बेकाममा बोल्दैनन्, । खलासीहरू कोही वज्रवान टाग्दछन् त कोही घडीमा बसेका छन् । कोही जहाज फिराउने कलमा बसेका छन् भने कोही गोल पत्थरकोइला बाल्दछन् । कोही खाने सरजाम तयार गर्न लागेका छन् त कोही पालेका जलजन्तु खसी, बोका, लामपुच्छ्रे भेडाहरू-लाई र दुहुना गाई तथा घोडाहरूलाई दाना, घांस, पानी दिनामा संलग्न छन् । त्यस जहाजमा डांकाका डरले डांका-संग लड्न भनी चार तोप राखेका हुनाले बखत परेमा हान्न गोलन्दार खलांसी आठौं प्रहर तयार छन् । जहाज चलाउंदा रातदिन गरी दिनको दुइ सय कोशका दरले चल्दछ ।

यसरी जाँदा निरालय समुद्रमा पुगे । जहाँ पाहाड, रूख, जमीन केही पनि देखिदैन । सूर्यनारायण जलैबाट उदाउंछन्, जलैमा अस्ताउंछन् । आकाश र जलदेखि अरू केही देख्नु छैन । माछा र ठोटरीहरू ठूला चरा जत्रा दुई तीन हजारको फौज गोलीको दरशसंम उड्ने देखिए । बगुल भनेका माछा बनेल जत्रा हुंदा रहेछन्, नजीक नदे-खिए तापनि टाढा टाढा देखिए । जहाजका पछिल्तिर हेर्दा जहाजका कलका जोरले गर्दा समुद्र मथिई दहि मथे जस्तो समुद्रमाथि सफेद फिंज उठेको देखियो । हावा चल्दा बडा बडा पहाड जत्रा समुद्रका लहरी आई जहाज कहिले ठाडो र कहिले तेर्सो हुन्थ्यो । त्यसैका प्रभावले कसैलाई रिंगटा लाग्ने, कसैलाई बान्ता हुने र कसैलाई खान रुचि नहुने भयो । साह्रै हावा लाग्दा सुतेका पलङबाट पनि खसिन्थ्यो।

आंधीबेहेरीमा त पलङको खुट्टा समाती अड्नुपर्थ्यो । हावा नचलेक्षा भने कौसीमा बसेर आनन्दसंग हावा खाई समुद्रको तमाशा हेर्न पाइन्थ्यो । अंग्रेजका मेम लेडीहरूसंग बात-चित गर्दै, केही गुलाफी ठट्टा पनि गर्दै र नाचतमाशा हेर्दै दिन बिताउन पाइन्थ्यो । प्राइम्मिनिष्टरले पनि सोहीबमोजिम गरी दिनकटनी गरे । कहिले समुद्रमा बोतल फाली र कहिले मस्तूलमा बोतल कुण्ड्याई रोजको दुइ तीन सय गोलीले तारा मार्दथे । हामी बन्दूक हान्नामा खूब सिपालु छौं भन्ने अंग्रेजहरू जोरिन आएका थिए, तर कसैले पनि भेट्न सकेनन् । त्यस वेला अंग्रेज र मेमसाहेवहरूले यस्तो कुरा गरे 'यी मिनिष्टरको उमेर भने कच्चै छ । काम भने नजानेको केही रहेनछ । कुरा गर्दा खूब होशियारीसंग गर्दछन् । दिलका पनि निकै शूरा रहेछन् । कुरा पनि सबैलाई मोह पार्ने मीठो गर्छन् । खांदा कसैलाई हेर्न दिंदैनन् । केही मेवा, भाजी, तरकारी, फलफूलहरू भंडारबाट लांदा लाटलुट भनी रिसाउंछन् । गाईको दूध पनि आफैं दुहुन्छन् । यिनको स्वभाव पनि बादशाही चालको छ । कुरा गर्दा बडो शेखीसित बोल्छन् । यी कुनै गुणवाट पनि कम नभएका रहेछन् ।" त्यसै वेला एक जना जान्ने अंग्रेजले भने "यी गोरखामहाराज सुरेन्द्रविक्रम शाहका प्रधानमन्त्री हुन् । दरवारमा राजादेखि मनि र यीभन्दा माथि अरू कोही छैनन् । यी मुलुकी–प्राइम्मिनिष्टर कौशलदेखि माथिका दर्जाका हुन् । त्यस अर्थले यी आफ्ना मद्दतमा रहेका छन् ।"

कलकत्ताबाट दश दिनको बाटो समुद्रको किनारमा विनायत भनेको मुलुक रहेछ । भारी गुलजार भएको त्यस शहरमा बडा बडा महाजन बसेका रहेछन् । त्यसका नजीक जहाजले एक दिन मुकाम गर्‍यो । त्यहाँ नपुग भएका रसद, पानी, भाजी, तरकारी, गोलीगट्टाहरू हाली लंकाटापूसम्म पुग्ने गरी जो चाहिने चीजबीज लिई जानुपर्ने रहेछ । त्यहाँका साहेबले प्राइम्मिनिष्टरलाई लैन खडा गरी १९ तोपको सलामी दिए । लाठ आफू बग्गीमा बसी भेट गर्न आए । मुलाकात हुंदा बहुत खातिर गरी डेराडण्डाको बन्दोबस्तका साथ खानेकुराको जाफद टक्र्याए । अनि गढी, किल्ला, शहर, छाउनी, हाट, दोकान, बजार, फौज, पल्टनहरू सबै देखाए । त्यहाँका छोटा बडा सबै मानिसले दर्शन गरी सलाम गरे । लाखौं मानिसको भीडभाड थियो ।

त्यहाँबाट प्रस्थान गरी सात दिनमा लंका टापूमा पुगे । त्यहाँ मर्दाना र जनाना गरी सवालाख मानिस जम्मा भएका थिए । एकातिर छाउनीमा पल्टन थिए । बादशाही बाजा बजिरहेको थियो । त्यसै बीचमा त्यहाँका लाठसाहेबले बग्गीमा आई भेट मुलाकात गरे । उनका साथमा मेमहरू र बडासाहेबहरू पनि थिए । उनले नेपालका प्राइम्मिनिष्टरलाई सलाम गरी एकै बग्गीमा सवारी चलाए । त्यहाँका शहर, छाउनी, बजार, गढी, किल्ला, फौज, पल्टन, खरखजानाहरू सबै नजर गराए । परेड मिलाई सलामी पनि दिए । डेरामा पुर्‍याई लबै जातका चाहिने जाफद टक्र्याएर बिदा भई आफ्ना घरतिर गए । त्यो मुलुक कस्तो रहेछ भने वरिपरि जंगल बीचमा शहर । बजारमा सबै चीजबीजहरू थिए । भांडाको बजार गोल थियो; क्षार, पत्थर, हीरा, माणिक, लसुने, नीर, गोमेद, मुगा, मोतीहरुको बजार भरपूर थियो । त्यसकारण त्यो बजार दर्शनीय रहेछ । त्यस जंगलका रूखहरू मसला, ल्वाङ, सुपारी, मरीच, जाइफल, छोहरा, बदाम, नरिवल, सुकुमेल, मेवा, आंप, कटहर, सुन्तला, नाशपाती, स्याउ, दारिम, दाख, अगूर, पेश्ताहरू सबै जातका रहेछन् । हात्ती गैंडा, जरायो, बाघ, भालू आदि जनावरहरू र जात जातका चराहरू पनि रहेछन् । त्यस लंका टापूमा १ दिनमा ३ लाख क्षार गिर्ने हुनाले तीन किसिमको वातावरण हुंदो रहेछ । बिहानीपख जाडो हुने शीतकाल, मध्याह्नमा गर्मी हुने धूपकाल र बेलुकीपख असारको झैं मेघ गर्जने र बिजुली चंकने भै बर्सादै हुने वर्षाकाल हुंदो रहेछ । बाह्रै महीनामा खेत रोप्ने र पाक्ने रहेछ । घडीको प्रमाणका हकमा रातदिन बराबर हुने रहेछ । त्यस जगामा अघि राक्षसको राज्य रहेछ । उसको नाश भएपछि बीचमा चार सय वर्ष वैरान रहंदा सिजालिमका मानिसले राज्य गरेछन् । तिनलाई यक्ष भन्ने अर्का टापूका बादशाहले जिती राज्य गर्दा केही वर्ष यक्षको राज्य चलेछ । यक्षलाई अंग्रेजले जिती रजाई गरेपछि एक लाठ, चार जनरल, काला र गोरा दुइ जातका पल्टन राखेर मजबूत छाउनी बनाएको रहेछ । त्यहाँ दुइ दिन मुकाम गरी आठ दिनलाई चाहिने रसद, पानी, भाजी, तरकारी आदि खाने परिकारहरू र कोइलाहरू लिइ पश्चिमतिर प्रस्थान गरे ।

आठ दिनसंम समुद्रको यात्रा गरेपछि अदन भन्ने टापूमा पुगे । त्यहाँ बसेका अंग्रेजका चार पल्टन गोराहरूले जहाज किनारमा पुग्नेबित्तिकै तोपको सलामी दिए ।

त्यहाँका जनरल, कर्णेलहरूले पनि पुतलीटोप र कुर्था लहिरी साना जहाजमा आएर भेट मुलाकात गरी हालखबर विनति चढाए। त्यो टापू रूख, वृक्ष, झारपात केही नउम्रने खाली पत्थर मात्र भएको रहेछ। त्यहाँ जहाजी डांकूहरूले अंग्रेजका जहाज लुटपिट गरी मानिस मार्ने गरेका हुनाले अंग्रेजले त्यहाँका बादशाहसंग मिली ती डाँकूहरूलाई लडाईमा जिती आफ्ना चार पल्टन राखेर ठूला ठूला पाहाडहरू बारूदले फोरी मजबूत किल्ला जमाएका रहेछन्। त्यहाँ एक दिन विश्राम गरी रवाना भए।

त्यसका आठ दिनपछि स्वेजका बादशाहको मुलुकमा पुगे। त्यहाँ जहाज फेरिंदो रहेछ। बेलायत जानालाई त्यहाँबाट ३० कोस जमीनसंम ६ घोडा लगाएको बग्गी राखेका रहेछन्। मानिस र मालताल उतारी त्यस डांकबग्गीमा जांदा १ प्रहरमा अकलजंजरी नदीमा पुगे। त्यहाँ बादशाह बसेको एक ठूलो राज्य रहेछ। मुसलमान जात मात्र भएको त्यस ठाउंमा मानिसहरू बहुत राम्रा थिए। जनानाहरू कपडाले मुख छोपी हिंड्दा रहेछन्। फौज पल्टनको मद्दत पनि खूब रहेछ। त्यहाँ गहुं, भाजी, तरकारी, फलफूलहरू, सबै कुराको खेती हुंदो रहेछ। बजार पनि बहुतै राम्रो थियो। त्यहाँका बादशाहले प्राइम्मिनिष्टरसंग भेट मुलाकात गरी मसिनो चामल, आंटा, घ्यू, चिनी, मेवा आदि चीजबीजहरू सम्मानपूर्वक जाफद टक्र्याए। त्यहाँ एक दिन मुकाम गरी तिलनदीका साना जहाजमा बसेर समुद्रमा पुगे। त्यहाँ बेलायतबाट फिरोजा नाउंको ठूलो जहाज आएको रहेछ।

त्यहाँबाट त्यस जहाजमा प्रस्थान गरी सात दिनमा सुलतान शहरमा पुगे। समुद्रका किनारको त्यो शहर अनौठो रहेछ। त्यहाँका घर, बजार, गढी, किल्ला, बागबगैंचा, पोशाक, मानिसहरू सबै अनौठो रहेछन्। त्यहाँका जनावर, खेती, चालचलन सबै अनौठा देख्दा छक्क पर्नुपर्ने रहेछ। त्यहाँका जनानाहरू अतिसुन्दर रूप भएका, गहनापोशाकहरू भारी, चन्द्रमा जस्तो मुख, तेलधारासमानको नाक, कमलपत्र जस्ता नजर भएका थिए। जो हेर्‍यो उत्तिकै राम्रा थिए। बेलायतको नजीक हुनाले केही झलक उस्तै लाग्दथ्यो। ती जनानाहरू जहाजका नजीकमा आई खजित भए। त्यो सबै हेर्दै त्यहाँबाट ६ दिनमा जीवपाहाडमा पुगे।

जीवपाहाड पनि उस्तै राम्रो र अनौठो रहेछ। त्यहाँ एक पल्टन बसेको रहेछ। त्यो ठाउं हेर्दा मोह भएर ५ घण्टा त्यहाँ बसी त्यहाँबाट प्रस्थान गरेको चार दिनमा बेलायत उत्रने शैतानघाटमा पुगे। त्यो ठाउं इन्द्रपुरी जस्तो थियो। त्यहाँको शहर, घाट, दोकान, बागबगैंचा, मानिसहरूको रूप र चालचलन हेर्दा जुन वस्तु हेर्‍यो तस्वीरसमान थिए। जनानाहरू चन्द्रविब जस्ता उज्याला मोहडा, कमलपत्र जस्ता लामा नजर, तेलको धारा जस्ता नाक, घांटीमा त्रिरेखा, हात्तीको सूंड जस्ता तिघ्रा, कमर छिन्दै गई झुकेको जांघ, पान खाए जस्तो लाल ओठ, दारिम जस्ता मिलेका दांत भएका थिए। मोजा पंजालगायत पोशाक र गहना लगाई हातमा रुमाल लिएका र गह, कुचीन, साटन, रेशमहरूको लाल बत्तु झल्लरवाल पोशाक आंगमा मिलेका बहुतै हिसीवाल, नरम बोली बोल्ने हजार बाह्र सय जनानाहरू प्राइम्मिनिष्टरका नजीकमा आई सलाम गरेर खडा भए। त्यो दृश्य देख्दा सबैको मन अति आह्लाद भयो। जसलाई हेर्‍यो उस्तै राम्रा र पुष्ट शरीर भएका तिनीहरूको त्यो रूप, मिजास र खातिरजामा गरेको देख्दा सबैको दिल मोह भयो। त्यहाँ जहाजबाट उत्री ठूलो हवेलीमा विश्राम गरे। बिहानको ज्यूनार पनि त्यहीं भयो। त्यहाँका अंग्रेज मेगटोप कर्णेलका छोरा र अंग्रेजी पढेका होशियार हुनाले लेफटेन लालसिंह खत्रीलाई चालीस कोस पुंडो लण्डन शहरमा गई "सरकारबाट डेराको बन्दोबस्त भए नभएको बुझी नभएको भए असल घर बन्दोबस्त गरेर आऊ, म भोलि जाउंला" भनी प्राइम्मिनिष्टरले खटाई पठाए। ती दुइ जना रेलमा चढी ५ घडीमा ४० कोस लण्डन शहरमा पुगे। त्यहाँका मुख्य कारिन्दासंग सोधपुछ गर्दा उहाँका खातिर रिजवन क्यारेजघर तयार बुझियो। घरका कारिन्दाले "घर तयार छ, सबारी अहिल्यै झिकाउंछु" भनी तारका खबरबाट "गोरखाका प्राइम्मिनिष्टरको सबारी रेलगाडीबाट आजै चलाई ल्याउनू" भनी केवरण्ड साहेबलाई खबर गरे। खबर पाउनासाथ उनले प्राइम्मिनिष्टरका हजुरमा विनति चढाए। प्राइम्मिनिष्टर रेलगाडीमा बसी ५ घडीमा ४० कोस लण्डन शहर रिजवन क्यारेजघरमा पुगे। त्यो घर देख्दा उनी बहुतै खुशी भए।

उसै त लण्डन शहर, त्यसमा पनि गोरखाका प्राइम्मिनिष्टर जस्ता पाहुनालाई बस्न दिएको घर। त्यो घर लण्डन शहरको बीच तीमसा (टेम्स) नदीको तीर रमाइलो

ठाउँमा थियो, पत्थरको गाह्रो, पत्थरैको छाना, बज्रलेप लगाएको, पांच तला अग्लो, उत्तरतिर सुन्दर बगैंचा, तीमसा नदीको कलकल ध्वनि, पूर्वतिरको अस्तवलखाना, दक्षिणतिर मूलगल्लीको बाहाड, पश्चिमतिर ठूलो पटांगिनीमा ग्यांसबत्तीको रोशनीको बाहाड भएको त्यो घर थियो। घरभित्रका कोठाहरू सुनचांदीले भरपूर चित्रकारी भरिएका थिए। कोठापीछे सतरंजी गलैंचा बिछ्याई कल चांदनी पलंग कसेर मेच, कवच, कुर्सीहरूले सजाइएको थियो। अहिले बोल्लन् भने जस्ता तस्वीर टांगिएका २०।२५ कोठा थिए। मुख्य बैठकमा तस्वीर, फार, बत्ती र चारैतर्फ ठूलठूला ऐना राखेको थियो। त्यस घरमा लोग्ने र स्वास्नी दुइ टहलुवा थिए। उनीहरूमा महीनाको चालीस कम्पनी लोग्नेले र असी कम्पनी स्वास्नीले दर्माहा पाउंदा रहेछन्। त्यस घरको बाहाल महीनाको १२५० कम्पनी तिर्नुपर्ने रहेछ। त्यो संपूर्ण लक्षणले युक्त भएको शहरको बयान गरी साध्य छैन। तीसमा नदी उत्तरवाहिनी भएकोले छन् शोभा बढेको छ। त्यहाँका यावत् घर सबै पक्का र सबै हवेली शहरका बीचमा छन्। बेकम्मा घर एक पनि देखिदैन। पत्थरको गाह्रो, पत्थरैको छाना, भित्तामा बज्रलेप लगाएको, सीसा ढाले जस्तो पत्थरको झिगटी लगाएको, भित्तामा सुनचांदीको मोलम्बा गरी चित्रकारी भरेको रहेछ। चोक, पटांगिनी, गल्ली र सटकमा पत्थरै छापेको छ। नाल देखिनु कहीं छैन, किनभने भित्रभित्रै दबाई तीसमा नदीमा निकालेको छ। धूलो, कसिंगर, नरक कहीं देखिदैन। चोक, पटांगिनी, बगैंचाहरूमा रूखका झरेका पातहरूसंम पनि देखिदैनन्। पहेंला पात भएका रूख कतै छैनन्। जात जातका फलफूलहरू फलिफुलिरहेछन्। गल्लीमा तीन सडक छन्: एउटा पैदल मानिस हिंड्ने, एउटा घोडचढा हिंड्ने र अर्को बग्गी हिंड्ने। रातदिन लाखौं बग्गी चलेका छन्! आठौं प्रहर मानिस र बग्गी खाली हुंदैनन्, किनभने राती गल्ली, घर र सडक जतातर्तै ग्यासबत्ती बलिरहेकाले राती पनि दिउसो जतिकै उज्यालो हुन्छ। चोटा, कोठा, कौसी, अटाली, भंडार, जाजरखाना, अस्तवलखाना, चोक, पटांगिनी, तीमसा नदीको वारिपारि सर्वत्र तिहारमा दीपमालिका गरे जस्तो ग्यांसबत्तीको रोशनी व्याप्त छ। पवर्ती नदीको पानी तामाका ढुंग्राबाट तलाउमा खिचिएको छ। त्यस तलाउको वरिपरि सबै घरमा नहर लगी तामाका ढुंग्राबाट धारा झिकेको छ। चाहिएमा टुपी घुमाइदिएपछि पानी आउंछ, बन्द गरिदिए बन्द हुन्छ। त्यस मुलुकमा दाउराको चलन रहेनछ किनभने पत्थरको गोल तेल बल्दा झैं बल्ने र सुघर तथा सस्तो पनि हुने हुनाले जहाजमा ल्याई घरघरै बिक्री गर्ने चलन रहेछ। त्यो गोलको खानी लण्डन शहरबाट १००।१५० कोस टाढा रहेछ। त्यस गोलले भात पकाउने, मेगजिनको काम गर्ने, फलाम सीसा ढाल्ने, धूवा कसको जहाज चलाउने, ग्यांसबत्ती जलाउनेलगायत नानातरहको काम हुने रहेछ। घर बनाउने काठहरू पन्ध्र सय कोस टाढा समुद्रपारबाट जहाजमा हाली ल्याउंदा रहेछन्। अंग्रेजले आगो, पानी र बतासलाई कमारो तुल्याइराखेको रहेछ। त्यस मुलुकमा मानिसले भारी नबोकेर बग्गी, गाडाहरूले बोक्ने चलन रहेछ। त्यस कारण त्यहाँका मानिस बहुतै सुखी छन्। मैलो र फाटेको पोशाक कोही लाउंदैनन्। कसैको शरीरमा कत्ति मैल छैन। साबुन घसी, बुरुस लगाई, पानीले धोई नुहाउंछन्। त्यसकारण सबैको मुख चन्द्रमा जस्तो उज्यालो छ। पोशाक बादशाहदेखि तेली धोबीसंम एकै छांटको छ। बडाहरूको मसिनो र छोटाहरूको खस्रो पनि छैन। तलास पनि सबैको एकै नासको छ। लोग्नेमानिसले कालो पोशाक कोट, सुरुवाल, गलेबन्द, मोजा, पंजा र स्वास्नीमानिसले छिट, साटनको घांघर, सेतो टोप, मोजा, पंजा, जुत्ता लगाएका छन्। जनाना र मर्दानाको छांट एकै किसिमको रहेछ। पोशाक लाउनु, खानु, सुत्नु, उठ्नु कहीं जानु इत्यादि सबै काम घडीका प्रमाणले टाइम टाइममा गर्ने रहेछन्। सबैका साथमा जेबीघडी, घरघरमा तख्ताघडी र कहीं गिर्जाघरका परखालमा पनि घडी राखेको हुनाले जहां जहां घडी हेर्ने इच्छा हुन्छ त्यहाँ त्यहाँ घडी हेर्न पाइने रहेछ।

त्यस मुलुकमा छोटा बडा सबैले बोल्दा ठूलो स्वर गर्दैनन्। ठट्टा, अर्काको निन्दा र उतार्नी कत्ति पनि छैन। बहुतै राम्रो शीलस्वभावसंग चाहिदो कुरा मात्र बोल्छन्। छोटासंग र बडासंग एकै मिजास राख्दछन्। एकभन्दा एक अक्किल भएका छन्। ठाउं ठाउंमा नाच तमाशा पनि हुने हुदा हजारौं मानिसको भीडभाड हुन्छ। हिफाजतका निमित्त ठाउ ठाउंमा पुलीसको पहरा रहेको छ। तिनीहरूले साह्रा शहरको भित्र र बाहिर जगा जगामा खडा पहरा रही आठौं प्रहर रमनसमेत घुम्दछन्। "चोर, ढांट, लुच्चा र झगडा गर्ने झगडियाहरूलाई पक्री ल्याउन्। दिनमा कति जन्मन्छन्, कति मर्दछन्, अरू मुलुकका मुसाफिरहरू कति

आउंछन् र कति जान्छन् त्यस्तो खबर ल्याउनू। लूला, लगडा, काना, खोरंडा र अरू कोही पक्षपात नभएका गरीबहरूलाई ठानामा लगी नाम लेखाएर बन्दोबस्त गरिदिनू। शहरमा हुलदंगा भएमा हुल्याहाहरूलाई आफूले पक्रन नसके ठानामा चाडै खबर दिई पक्रनू, पक्राउनू" भन्ने शहरमा उर्दी पनि भएको छ।

त्यहां सामान्य दुनियांलगायत फौज, पल्टन, महाजन, दोकानदार, भेभारदार, बादशाह, गरीबगुरुवा सबै जहान बच्चासहित सधैं खुशी भई आफ्ना स्थितिमा रहेका छन्। यस अवस्थामा रामराज्य जस्तो त्यही मुलक रहेछ। जहां जुन गल्लीमा गयो हाट, दोकान, गोदामहरू भरिभराउ छन्, जुन चीज खोज्यो एकै दोकानमा मिल्छ। मालको मोल पनि निरख गरी मालैमा लेखेको छ। रुपियां दियो, माल लियो। मोल कत्ति घटबढ नहुने हुनाले जो लेखेको छ सो सदर गरी लिनुपर्ने रहेछ। त्यस मुलुकमा यो माल पाइंदैन भन्नु केही छैन। बाह्र टापूका र हिन्दूस्थान आदि अरू द्वीपका चीजबीजसमेत जहाजद्वारा ल्याई राखेको छ। फलफूल, मेवा, अनाज, लत्ताकपडा, भांडाबर्तन, सुनचांदी, नवरत्न, जलजन्तु, स्थलजन्तु, पशु, पक्षीलगायत पृथ्वीभरमा भएका साह्रा चीजबीज र नक्साहरू त्यहाँ मौजूद छन्।

अकिलदार, कालिगड, मालको पारख गर्न जान्ने, ब्यापारी, शूरा, सिपाही, यथार्थ निलाफ गर्न जान्ने, सफाइमा रहेका मन्त्री, अतिधनाढ्य, धर्मशास्त्र र नीतिशास्त्रमा प्रवीणसमेत भएको ठाउं हुनाले लक्ष्मीले देखेको त्यसै मुलुकमा रहेछ। उनीहरूको रिस गरेर के गर्नु र? दैवले दिएको यस लोकको धर्मनीतिका अनुसारले भोग गर्ने अधिका दानवहरू स्वर्गलोकमा गइसकेका छन्। बेलायत लण्डनशहर निसाब, धर्म र सत्य सबै भएको छ। अरू मुलुकबाट जाने मानिसहरूले देख्दा पृथ्वीको अन्त्य केही नपाइने छ तापनि जहांसुकैको पनि सबै कुराको सारांश बेलायतमै भएको देखिन्छ। किनभने यिनताका अंग्रेज बादशाह अक्लवन्त र बलवान् हुनाले यिनको जहाजको काम, तोप र बन्दूकको काम, फौजको काम, कबायद, शिक्षा, मुलुकको स्थिति, ऐनकानून, वैरीसंगको घासलनत, सबैसंग मन मिलाई गरेको कामकाज बिलकुल गजब किसिमको छ।

दृष्टान्तको निंति लाहोरमा जहांसम महाराज रणजित् सिंह थिए त्यहांसम उनले अंग्रेजलाई चिनेका थिए। अंग्रेज उनको नोकर पनि भयो। खरखजाना, तोपबन्दूक, फौजसमेत उनले ऐनकानूनमा राखेका थिए। मुखले सल्तनत मिलाई आफू बलियो भएर कसैलाई मनपेट नदिई राज्य गर्दथे। उनको मजबूत सल्तनत देख्दा अंग्रेजहरूले केही गर्न सकेका थिएनन्। महाराज रणजित्सिंह मरेपछि लाहोरको आफ्नो घरमा सल्तनत बिग्रंदा ऐनकानूनको स्थिति केही रहेन। फौजले मनपरी गर्न लाग्दा लाहोर अंग्रेजका हातमा पऱ्यो। तसर्थ आफ्नो घर नमिली देश मिल्दैन। मुलुक धेरै देखेपछि बुद्धिको विकास हुन्छ। अहिले अंग्रेजहरूले आफूसमा मिली गरेको काम सबै सर भएको छ, कहीं बिग्रेको छैन।

संवत् १९०७ साल ज्येष्ठ महीनाका १५ दिन जांदा श्री प्राइम्मिनिष्टर जंगबहादुर कुवर लण्डनशहरमा पुगेका थिए। त्यहां रिजवन क्यारेच घरमा राज गरे। त्यहाँका प्राइम्मिनिष्टर, कम्याण्डर इन चीफ, लाठसाहेबहरू, बुकवलिन जनरल, कम्पनी साहेबानहरू, पार्लियामेण्ट मेम्बर, कौशलिया साहेबानहरू, बादशाहका भैयाद, कान्छाबाबुहरू र मुद्दा मुद्दा साहेबानहरू आई सबैले गोरखाका प्राइम्मिनिष्टरसंग मुलाकात गरी बहुत खातिर गरे। "हजुर यहाँ पाल्नुहुनाले गोरखासरकारलाई पनि लण्डन सरकारलाई पनि बहुतै बढिया भयो। किनभने, यहां हिन्दूस्थानबाट हजुर जस्ता ठूला आदमी कोही आएका थिएनन्। हजुरको रवाफ देख्दा यहांका छोटाबडा सबैलाई गोरखा मुलुक ठूलो रहेछ भन्ने धाक पनि भयो। यहाँका सरकार र भारदारहरूसित प्रीति पनि रह्यो। अब उप्रान्त दुइ सरकारको दोस्तानीमा कहिल्यै पनि खलबल हुनेछैन भन्ने बडो खातिर लाग्यो" भन्ने बातचित गरे।

त्यसपछि त्यस शहरका भारदार र बडासाहेबहरूले आज एउटाले र भोलि एउटाले गरी त्यहां बसुन्जेल प्रतिदिन प्राइम्मिनिष्टरलाई निंता गर्न लागे। उनीहरूले राती आफ्ना घरमा लगी यावत् साहेबहरू र तिनका मेमसाहेबहरूले भारी स्वागतसन्मान गरे। भारदारका स्वास्नी, छोरी, बुहारीहरू आई प्राइम्मिनिष्टर साहेबलाई हातमा समाती साह्रा अंग झुकाएर बोले। त्यस बखत तिनीहरूका लोग्नेहरू वरपर लाग्दथे। स्वास्नीहरू अघि सरी खूब मिजास गरी सोधपूछ गर्ने र बडो खातिर गरी गहना कपडा हेर्न खोज्थे। लाठ ड्यूकसाहेबानहरू पनि आफ्ना राम्रा

तरुणी छोरीबुहारी अगाडि राखी "यिनलाई हजुरले प्रसन्न गरिबक्सनुभयो कि भएन ?" भनी प्राइम्मिनिष्टरसंग सोध्दथे । राम्रा राम्रा तरुणीहरू अगाडि, पछाडि, दायां र बायां राखिदिन्थे । तिनीहरूको रूप, यौवन, गहना, पोशाक, शरीरको सफाइ र मुखको सौन्दर्य देख्दा दशै इन्द्रिय जिति-रहने शुकदेव स्वामीलाई पनि मोह गराउलान् कि ? भने जस्तो लाग्थ्यो । तिनीहरूको रूप, सौन्दर्य र चंचलता यस्तो भनी वर्णन गर्न नसकिने थियो ।

त्यहांको बैठक चित्रगुप्तले चित्रमा लेखेको जस्तो थियो । ऐना, तस्वीर, झार, पानस, ग्यांसमबत्तीहरूले झकिझकाउ थियो । बिच्छ्याउना, मेच, कवचहरू मिलाई राखेको थियो । नाना तरहका फूल र सुनचांदीका भांडाहरू टेबुलमा राखिएका थिए । बादशाही बाजाका तालमा भारी गहना पोशाक लगाएका मेम लेडीसाहेबहरू नाचिरहेका थिए । जात जातका मेवा, मसला, मुरब्बा, मालुहरू सुनचांदीका भांडामा हाली खाना तयार गरिएको थियो । बडा बडा लाठ ड्यूकसाहेबहरू कुर्सीमा बसी इन्द्रका अप्सरा जस्ता परीहरूको नाच हेरिरहेका थिए ।

त्यसै बेला प्राइम्मिनिष्टर जंगबहादुर कुवर राणा, उनका भाइ कर्णेल जगत्शमशेर कुवर राणा र कर्णेल धीर-शमशेर कुवर राणा तीनै भाइ त्यहां उपस्थित भए । पग-रीमा हीरा जडेको चन्द्रमा, मोतीको सेली, पन्नाको लर्कन, नवरत्न जडेको पेजबन्दी सेली, हुमाउको कल्की, कानमा मोती मात्र लागेको चौगेडी, मोतीकै कनकन, हीरामोती जडेको गलबन्दी, हीरा मोती माणिक पन्नाहरू जडेको दुवाल, चप्रास कमरबन्दी, ताश कीनखापको पाइजामा, मोती र कालो बत्तू भएको जुत्ता, सुनको कब्जा र मियान भएको तरवार कमरमा बांधेको, हीरा जडेको बाजूबन्द, यस्ता प्रकारका गहना पोशाक पहिरी इन्द्रपुरीसमान त्यस सभामा खडा हुंदा कस्तो शोभा देखियो भने जरासन्धका सभामा श्रीकृष्ण, भीमसेन र अर्जुन तीन जना जाहेर भई जांदा त्यस सभाका सभासदहरूलाई जस्तो शोभा भयो हो त्यस्तै शोभा त्यहांका लोकहरूले ठाने । यस्ता तरहसंग सबै साहेबानहरूले निंता गर्दै तीन महीनासंम नाचतमाशा देखाए ।

लण्डन बेलायतको स्थिति कस्तो रहेछ भने ऐनकानून-बमोजिम भरमुलुकका फौजको बन्दोबस्त, परपजनी, निया-निसाफहरू प्राइम्मिनिष्टरले ठहराएको मंजूर गरी बादशा-हले हुकुम दिंदा रहेछन् । भारदारहरूलाई पर्व पर्वमा डाकी नाचतमाशा देखाएर भोज खान दिई खातिरजामा गर्नु, कसैले रिझायो भने शिरपाउ दिनु, सदा खुशी भै रहनु, आफ्ना प्रजालाई दयामाया गर्नु, कसैलाई गालीगोप्ता र कुटपिट नगर्नु पनि बादशाहको काम रहेछ । चुकमाफिक सजाय गर्ने काम अघिदेखि चलिआएको ऐनअनुसार पार्लि-यामेण्ट कौशलको रहेछ । त्यसले कसैको मोहब्बत राख्दैन । नीति र धर्मशास्त्रमा लेखेको कुरा नगरे पनि पाप लाग्छ, बढ्ता गरे पनि पाप लाग्छ । अघिदेखि गरिचलिआएको गर्नै-पर्छ भन्नु पाप होओस् तापनि धर्म होओस् तापनि अघि जसले यो स्थिति बनायो उसलाईनै छ भन्ने मतलब लिई बादशा-हले कसैको जीउ मार्दैनन् । धन हर्नु, कसैलाई दण्ड गर्नु, कुट्नु, गाली गर्नु, जागीर दिनु, जागीर खोस्नु, आफ्ना दरबार ढुकुटीको दौलत मेरो भनी आफूखुशी गर्नु यति कुरा बादशाहले गर्दैनन् । त्यस्तो दौलत आर्जने भारदार, फौज, पल्टन, दुनियांले खेती गरी आर्जेको उब्जामा राजाको भाग भनी दिएको, बेपारीले जगात भन्सार भनी दिएको, वैरीको मुलुक मारी ल्याएको धन फौजले राजाको भनी दिएको, जमीन खनी फलाम, सीसा तामा सुन चांदी नवरत्न जुहा-रत निस्केकोमा राजाको भाग भनी पर सारेको रकमसमेत राजाले आफू उपभोग नगरी देशको रक्षाको निति राख्ने चलन रहेछ । किनभने आफ्ना मुलुकमा वैरीले मिच्न आएमा तिनै भारदार र फौजले आफ्नो जीउ मराई वैरीको जीउ मारेर मुलुक थाम्दछन् । आफ्नो मिहिनेतअनुसार ठूलो सानो जस्तो भाग भए पनि सबैले चित बुझाई जागीर भनी खान्छन् र वैरी आएका बेलामा राजाले रणभूमिमा जानु नपरी मर्ने, मार्ने भारदार र फौजलेनै गरी मुलुक थाम्ने, बढाउने र धनदौलथ आर्जन गर्ने हुनाले राजाका ढुकुटीमा रहेको धन भनेको सबैको साझा हुन्छ । त्यस धनको काम मुलुक घट्दा चाहिने हुनाले त्यस धनमा एउटा-को फर्मायस चल्दैन । राजा भनेका दुनियांका स्थिति हुन् । उनले फटिकको सम्बा झैं भइरहनुपर्छ । गर्ने र गराउने ता मन्त्री र भारदार हुन् । कसैले बिरीत गरे आफैं मर्छन् मरा-उछन् भन्ने स्थिति बांधिएको छ । सो स्थिति नाघेमा पार्लियामेण्ट कौशलबाट बादशाह पनि बदला गर्छन् ।

## त्यहांका भारदारको स्थिति

मुखत्यार प्रायम्मिनिष्टरले गर्ने काम— बादशाहका

हजुरमा रहनु केही साधसोध गर्न आए कामको आजमाइस गर्नु । सोध्न आए वा पार्लियामेण्ट कौशलबाट केही बक्साउन आए निकासा दिनु । कम्याण्डर इन चीफले जंगी फौजका बारेमा साध्न आएको कुरा देश देशका बादशाह, नवाफ र राजाहरूसितको सलतनत, खलतारपत्रको कुरा, आफ्ना मुलुकको स्थिति, मुलुकीसाहेब, जज, कलक्टर, जंगी, निजामतीहरूको परपजनी, देश देशमा रहेका रेजिडेण्टसाहेब र अरू निजामती रकमीको पजनी, इङ्लिशको दरमाह, दरवारको मसलन्दी खर्च यति कामको निकासा–पिकासा र तनखा दिने काम मिनिष्टरले गर्दछन् । मेरो दर्जा ठूलो छ भनी प्राईम्मिनिष्टरले अनरीत गरे पार्लियामेण्ट कौशलबाट सजाय हुन्छ ।

**कम्याण्डर इन चीफले गर्ने काम–** जंगी फौजको पर–पजनी गर्नु । जंगी पल्टनलाई महीनावारी दरमाह दिनु । खजाना, बन्दूक, बारुद, गोली, हातहतियार तयार गरी राख्नु । जहाँ लडाई पर्‍यो त्यहां फौज र रखद पुर्‍याइदिनु । पल्टनको निति आड किल्ला बनाउनु । तार, घाट, बाटो, सडक बनाउनु । ऐनबमोजिम फौजलाई रसद पुर्‍याउनु । पल्टनलाई कवायद सिकाउनु । ऐन सुनाउनु । फौज राजी राख्नु । ऐनदेखि बढ्ना रकमकलम र टन्टा नलाउनु । रैयतको बारी, बिरुवा, फलफूललगायत केही मालताल लुटपिट नगर्नु, गर्न नदिनु । पजनी गर्दा बलियो अंगको, निरोगी, लायक, दिलको शूरो, ऐनमा रहनेलाई भर्ना गर्नु । पगरीको रोल बढाउंदा पहिलेको रोल जसको छ उसैलाई बढाउनु । जस्तो सिपाहीको अमलदार, अमलदारको हवलदार, हवलदारको जमादार, जमादारको सुबेदार, सुबेदारको लेफ्टेन, लेफ्टेनको कपतान, कपतानको मेजर, मेजरको कर्णेल, कर्णेलको जर्नेल । यस्ता प्रकारले जसले जुन दर्जा पाउंछ त्यहीअनुसार पजनी गर्नु । किनभने छोटो बडो जो होओस् उसको बढौला भन्ने उमेद रहन्छ र काम परिआउंदा शक्ति बढ्दछ । तसर्थ पक्षपात गरी पजनी नगर्नु । बेकम्मा र उमेर नपुगेका केटाकेटी–लाई जागीर नदिनु । विनातक्सीरले जागीर पनि नखोस्नु । बूढो वा रोगी भई काम गर्न नसके त्यसलाई इङ्लिश दिई त्यसको खानगीमा अर्को भर्ना गर्नु । पल्टनमा खानगी खाली राखी नखानु । कहीं लडाई पर्दा विनातजबीजले फौज गाफिल पारी नमराउनु । यी काम मध्ये एक काम चुके पनि कम्याण्डर इन चीफलाई पार्लियामेण्ट कौशलबाट सजाय गरी खारिज गर्छन् ।

**पार्लियामेण्ट कौशलको घर–** तीन करोड खर्च गरेर ऐनाको छाना र ऐनैको ऋयाल हाली सुनका पानीले चित्रकारी भरेको छ । तरह तरहका ग्यासबत्ती, लालटिन, फानस, ऐना, तस्वीरहरू ठाउं ठाउंमा राखिएको छ । भारी गलैंचा बिच्छ्याइएको छ । जगा जगामा मेच, कौच तखता राखिएका छन् । यस्तो सुन्दर हवेलीमा पहिले ऊचो बादशाहको गद्दी र त्यसका दायांबायां सबै सफेद दाह्रीजुंगा फुलेका बूढापाका बसेका छन् । तिनीहरू देख्दैमा भयंकर रूपका छन् । बाह्र सय कुर्सी, मेच, तखतामा बसी कसैको डर नमान्ने यस्ता सभासद् छन् । सभाका बीचमा बोल्नाको मगदूर कसैको पनि हुंदैन । जो ऋगडिया छ त्यसलाई बोलाउंदा झुट्टा कुरा त के सांचो कुरा गर्न पनि कष्ट पर्छ । सत्य, त्रेता, द्वापर र कलि यी चारै युगका कुरा यिनैका पेटमा छ कि भने जस्ता छन् । बडा बडा किताब अगाडि राखेका छन् । कचहरीका बीचमा कोही बेमनासिब बोल्दैनन् । कोही बेमनासिब बोल्छन् कि भनी विचार गर्ने मानिस पनि बसेका छन् । त्यहां कसैले बेमनासिब गर्‍यो भने तुरुन्त सजाय हुन्छ । बोल्दा सभामा बगबग हुन पाउंदैन । एउटाले बोलिसकेपछि मात्र अर्काले त्यसको जवाफ दिन्छ । यस्तै हिसाबले कुराको मुद्दा पुगेपछि सबैले सहि गर्छन् । पुगेन भने छल फल गरी मुद्दा ठहराएर ऐनको किताब हेरी जवाफ दिन्छन् । त्यस पार्लियामेण्टले कसैको बिरीत सहंदैन । कसैले बिरीत गर्‍यो भने लाठ, ड्यूक, जनरल, कर्णेल र अरू पगरीको त के कुरा कम्याण्डर इन चीफलाई पनि खारिज गर्दछन् । पल्टनले दगा गर्‍यो भने त्यस पल्टनलाई तोपले उडाउने हुकुम दिन्छन् । यस्तो हुकुम बलियो भएका राजाको दरवार भनेको यस्तो बन्दोबस्त भएको छ । अघि अंग्रेजका पुरुखा तुजुक्रष्णले यस स्थितिको ऐन बनाएको हो ।

**दुनियांको स्थिति–** ऋगडा नगर्नू । अर्काको दिन्दा नगर्नू । धनले, रूपले, र मानले सानो छ भनी हेला ठट्टा नगर्नू । निर्धालाई दया राख्नू । बडालाई मान्नू । सांचो बोल्नू । आफ्नो धनको संभार गर्नू । मैला कपडा नलाउनू, धोए सुकिलो हुन्छ । खसो लगाए पनि हुन्छ । आंगमा मैल नराख्नू । ईश्वरले दिएको मूर्ति धोएर सफा गरी

राख्नू । त्यस्तालाई लक्ष्मीले पनि दिनुपर्छ । आफ्नो घर-बारी, खेत र आफ्नो घरनजीकको बाटो, पानीबाट सबै सफा गरी राख्नू । फलफूलहरूको बिरुवा लगाइराख्नू । बखतैमा खेती गर्नू । गाई, भैंसी, भेडा, बाख्रा, कुकुर, बिराला र चराचुरुंगीहरू पालिराख्नू । मान्नेहरूलाई मान-मर्यादा गर्नू । आफ्नी स्वास्नी नराम्री भए पनि आफ्ना छोराछोरी र आफ्ना भरमा परेकाहरू अज्ञानी, मूर्ख र नराम्रा भए पनि तिनीहरूलाई सधाउनू, सिकाउनू र प्यार गरी राख्नू । बाबुआमालाई मानमर्यादा गरी राख्नू । खेती, बेपार, चाकरी जे भए पनि आफ्नो जीवनवृत्ति गर्नू । अर्काको ज्यू नमार्नू । अर्काको धनमा लोभ नगर्नू । मन शूरो गर्नू । ठूलो उद्यम गर्नू ।

राजाको स्थितिः– नियासित दर्सौंद महसूल लिनू । त्यस धनअनुसारको पल्टन खडा गरी गढी, किल्ला, आड, छाउनीहरू बनाउनू । फौजलाई खान र लाउन बेसरी दिई राजी राख्नू । सबैको आत्मा बरोबर देख्नू । प्रजालाई सुख दिनू । चोर, ढांट, लुच्चा र अर्कालाई कुट्ने, गाली गर्ने, हुर्मत लिने गरी ठट्टा, निन्दा गर्नेलाई झेलखानामा हाल्नू । झेलखानामा रहेकाहरूलाई पनि काम सिकाउनू । म्याद पुगेपछि छाडिदिनू । फेरि पनि उसै गऱ्यो भने कुटी शास्ती शासना गरेर दोबर कैद गरी छाडिदिनू । तीनपटक बिराउनेलाई कालापानी पुऱ्याइदिनू । ज्यू मार्नेलाई उसको बदला ज्यूनै मार्नू । राजाले पनि अर्काको ज्यू मारे, धन हरे, बिनातक्सीर शासना गरे, ऐनमा नरही बेमनासिब गर्न लागे भने पार्लियामेण्ट कौशलबाट भारदार र फौजहरू मिली त्यस राजालाई कैद गरी अर्को राजा थाप्नू । राजा, भारदार, दुनियां, फौज, पल्टन, परचक्री, अनाथलाई दैवागत परिआएमा विवेक विचार गरी संझाउनू, चेताउनू, शास्त्र सुनाउनू, राजनीतिको ऐन सुनाउनू, गुण सिकाउनू, सधाउनू र पढाउनू । यति गरी पहिलोपल्टको बिराम माफ गर्नू, दोस्रोपल्टको बिराममा शासना गर्नू, तेस्रोपल्टको बिराममा कालापानी पठाइदिनू, कन्दमूल खाई बचोस् या मरोस ।

यो पार्लियामेण्ट कचहरी कस्तो भने "धर्मशास्त्र, नीतिशास्त्र र बूढापाकाका चलनको सार झिकी बनाएको ऐनको किताब लिई पंचले धर्म शिरमा राखेर कसैको मोहब्बतमा नलागी सोझो रस्ता लिएर निसाब गर्नू । त्यसो भए बडो पुण्य हुन्छ, सात कुल तर्छ र स्वर्ग पाउंछ । त्यस सभामा बसी लोभ र मोहमा परेर अन्याय गऱ्यो भने त्यसले चन्द्र, सूर्य उदाउन्जेल र पृथ्वी रहुन्जेल नरकको भोग गर्नुपर्छ" भनी त्यस किताबमा लेखिएको छ । त्यो पार्लियामेण्ट कौशल ईश्वरको दरबार झैं बनाएको छ । अन्यायमा पर्ने राजा, प्रजा सबैको फिराद गर्ने ठाउं छ, धर्मात्मालाई धर्मद्वार छ र पापीलाई यमद्वार छ । यस्तो पार्लियामेण्ट कौशल बेलायतमा जहांसम रहला त्यहांसम लण्डन बेलायतको श्री पनि रहला ।

त्यहांको रीतिस्थितिअनुसार बादशाह त्यस कचहरीमा आउंदा तुरुक सवारको लाइनका बीचमा भारदारको छ घोडा लागेको बग्गी र त्यसपछि भाला बर्छा लिएका खास गोरा फौज एक सय बग्गीका वरिपरि लाग्दछन् । त्यस बग्गीमा खाकी रंगका आठ घोडा लागेका हुन्छन् । भारदारहरूका लाखौं बग्गी चलेका हुन्छन् । बादशाहले लगाएका गहना पोशाकमा शिरमा हीराजडाउ मुकुट, गलामा हीराको माला, छातीमा हिन्दुरहीरा र रुपौला कारचोप भरेको लहंगा लगाई क्विन बग्गीमा सवारी हुन्छ । त्यस बखतमा दुइ कोससंम ठेलमठेल गरी रमिता हेर्न आएका दुनियांहरूले वरिपरिबाट टोप उतारी दर्शन गर्दै जय जय भनी पुकार्दछन् । क्विन रानीले पनि दायां बायां झ्यालबाट सबैको मुख हेरी शिर झुकाएर हंसिलो मुख गर्दछिन् । बहुतै नम्रता र शीलस्वभाव हुनाले लक्ष्मीको अवतार जस्ती अतिराम्री आफ्नी रानीको दर्शन पाउंदा खुशी हुदै धन्य हाम्रो बादशाहको शीलस्वभाव भनी तारीफ गर्दछन् । यस्ता तरहले बिस्तारै गई पार्लियामेण्ट कौशलका गद्दीमा राज हुन्छ । त्यहांका सबै कौशलियालाई खातिरदारी दिई तिमीहरूले निमेकको सोझो चिताई बहुत राम्रो कामकाज गरेका छौ भन्दछिन् । खुशी भई कसैलाई अब छ महीना आफ्नो परिवारसंग बसी आऊ भनी बिदा दिने चलन पनि छ ।

त्यस्तो बैठकमा क्विन रहेका बखतमा नेपालका प्राइम्मिनिष्टर आफ्ना दुइ भाइ कर्णेल, काजी, सरदार र सुब्बाहरू साथमा लिई गए । त्यहां भिक्टोरियाको हजुरमा प्राइम्मिनिष्टर, कम्याण्डर इन चीफ, लाठ, कम्पनी साहेबानहरू, चेयरमेनहरू र प्रिन्स अफ वेल्स पनि थिए । मुलाकात भएपछि श्री ५ सरकारबाट पठाइबक्सेको

खलतारपत्र महारानीका हातमा टक्र्याए । त्यो पत्र लिएर महारानीले शिर झुकाई हेर्दै नेपालको हालखबर र मानिसको मिजास सोधिन् । नेपालका मिनिष्टरले विस्तार गरे । "बाटामा आउंदा जहाज र समुद्रमा कस्तो भयो ? खानपीनमा तकलीफ भयो कि ?" भनी सोधिन् । नेपालका मिनिष्टरसाहेबले "हजुरका प्रतापले मलाई र मसित आएका मानिसहरूलाई समेत केही कुराको दुःख भएन, आनंदमित आयौं भने । उनले खुशी हुदै "तिमी आयौ, बढिया भयो । हामी दुइ सरकारको एकचित्त भएपछि परन्तुसम प्रीति रही दोस्तानीमा कहिल्यै खलबल पर्ने छैन" भनी खातिर गरिन् । "नेपालका बजीर होशियार र देख्दामा पनि लायक रहेछन् । गहनापोशाक लगाएको उस्तै सुहाएको र बहुत राम्रा पनि रहेछन्" भनी तारीफ गरिन् । "अब यिनलाई साहाबेसाहाको ताकिती गर्ने होशियार मानिस राखिदेऊ, यिनलाई कुनै कुराको तकलीफ हुन नपाओस्" भनी आफ्ना प्राइम्मिनिष्टरलाई हुकुम दिइन् । उनले पनि कपतान र पुलीसका सिपाही नोकर राखिदिए । पहिला दिन मुलाकात भएको बेहोरा यत्तिकै हो ।

**दोस्रा दिन–** पन्ध्र सोह्र सय भारदारहरू र उनका मेम लेडीसाहेबहरू भारी गहनापोशाक लगाई वरिपरि बसेका र महारानी सिंहासनमा आड लागी बसेकी थिइन् । त्यस वेला नेपालका प्राइम्मिनिष्टरले आफ्ना भारदारसमेत गई सलाम गरे । अनि महारानीले आदरपूर्वक "नजीकै बस" भनिन् । मिनिष्टरसाहेब पनि महारानीका नजीकै बसे । त्यसपछि महारानीका भारदारहरूले महारानीको दर्शन गर्न लागे । उनीहरूले एक एक जना भई दर्शन गरे । कोही टाढैबाट दर्शन गर्दै जाने, कोही महारानीका गालामा चुम्बन गर्ने गरी दर्शन गर्ने गर्दथे । उनीहरूले अघिबाट महारानीको दर्शन गरी पछिबाट प्रिन्स अफ वेल्सलाई सलाम गर्ने गरे । यो सबै तमाशा त्यहांका प्राइम्मिनिष्टरले एक एक गरी "यस भारदारको यो दर्जा र यो काम हो । यस साहेबकी मेमको महारानीसग नाता पर्छ" भनी चिनाइदिए । यस्ता रीतले त्यहांका भारदारहरू र मेमहरूले महारानीको दर्शन गरेको तरीका नेपालका मन्त्री जंगबहादुर कुवरलाई देखाइदिए । ती भारदार र मेमहरूले पनि गोरखाका मिनिष्टरलाई बहुत खातिर गरे भन्ने छापा देश देशमा फैलियो ।

**तेस्रो मुलाकातमा–** एक दिन महारानीले बेलायत शहरभरका भारदार र मेमहरूलाई तथा नेपालका प्राइम्मिनिष्टरलाई समेत निंता गरिन् । चार घडी रात जांदा सबै भारदारहरू, मेम र लेडीहरू सामेल भए । त्यस दरबारको बैठक दुइ सय हात लामो र पचास हात गज भएको थियो । त्यहां भारी राम्रा गलैंचा बिच्छयाएको थियो । चारैतरफ ऐना, झाड, फानसको लाइन राखिएको थियो । ग्यासबत्तीले सर्वत्र झकिझकाउ थियो । जात जातका फल झ्याल र टेबिलमा थिए । अत्तरको खूश्बू चलेको थियो । सुनका गिल्टीले चित्रकारी भरेका सुनचांदीका भांडा जगा जगामा थिए । त्यस बैठकमा टोप, कुर्था, पुतलीटोपहरू लगाइ हजार बाह्र सय गोरा साहेबानहरू बसेका थिए । हीरा, मोती र पन्नाका गहना लगाई भारी पोशाक लगाएका इन्द्रका अप्सरा जस्ता मेम र लेडीसाहेबहरू हजार बाह्र सय आई साहेबानहरूसित छ्यासमिस भई बसे । बादशाही बाजा बज्न लागेको थियो ।

त्यसै वखतमा नेपालका प्राइम्मिनिष्टर आफ्ना भाइ कर्णेल दुइ जना र अरू काजी, सरदार, कप्तान, लेफ्टेनहरू साथमा लिई पुगे । महारानीले नेपालका प्राइम्मिनिष्टरलाई डाकी "केही मेवा खान्छौ कि ?" भनी सोधिन् । मिनिष्टरसाहेबले बादशाहका अगाडि हामीले खान मनासिब छैन" भन्ने जवाफ दिए । अनि हांसेर "कुर्सीमा बस" भनिन् । मिनिष्टरसाहेब कुर्सीमा बसे । त्यहां नाचतमाशा हुन लागेको रहेछ । एक छिनपछि महारानी आफैं साहेबानहरूसित नाच्न लागिन् । "मैले नाचेको नेपालका मिनिष्टरसाहेबलाई राम्रो लाग्यो कि लागेनहोला ?" भनी हांस्दै नाच्न लागिन् । त्यहां साहेबानहरू र लेडीहरू कोही नाच्छन्, कोही हिंडछन् त कोही बसेका छन् । त्यहां छोटा र बडा भनी नमान्ने यस्तो तमाशा भयो ।

अर्को दिन अप्सरा जस्ता परीको नाच हेर्न महारानीले मिनिष्टरसाहेबलाइ डाक्न पठाइन् । मिनिष्टर जांदा त्यहां परीको नाच लागेको थियो । महारानीका वरिपरि सबै भारदार नाच हेर्न लागेका थिए । ती परीहरू लक्ष्मी जस्तै बयान गर्न नसकिने अति राम्रा थिए । इन्द्रका अप्सरा

कामकुण्डला, उर्वशीलाई सहस्र जिभ्रा भएका शेषनागले पनि बयान गर्न सक्तैनन् भन्ने कथा पुराणमा सुनिन्थ्यो। त्यस्तै त्यहां बयान गरिनसक्ना परीहरूको नाच हुंदा महारानी र लेडीहरूले नेपालका मिनिष्टरसाहेबलाई "यो नाच राम्रो छ कि छैन ?" भनी सोधे। "बहुत राम्रो छ" भन्ने जवाफ दिंदा गीत बुझ्दछौ कि ? भनी सोधे। "गीतको अर्थ भने बुझ्दिन, तर पिंजरामा राखेको चिडियाले बोल्दा राम्रो लागे जस्तो राम्रो सुनिन्छ" भन्ने जवाफ दिए। त्यस जवाफले बहुतै खुशी भई "बहुतै होशियार रहेछन्" भन्ने आफूसमा कुरा गरे।

एक दिन महारानीले "अपेरामा नाच हेर्न जाऊ" भनिन्। अनि मिनिष्टरसाहेब, उनका भाइ कर्णेल दुइ जना र कप्तान, सुब्बा, लेफटेनहरूसमेत भई नाच हेर्न ठाउंमा पुगे। त्यहां कस्तो तमाशा देखियो भने सात तला अग्लो चौघडा हवेलीका बीचमा दाख जत्रो चोक रहेछ। त्यहां कुर्सी, तख्ता, मेच र बिच्छ्याउनामा गरी चार हजार मानिस थिए। एक एक मोहर दस्तूर दिई नाच हेर्न भनी शहरका भलामानिस सबै आएका थिए। त्यस हवेलीमा पांच तलामा ऐना लागेका झ्याल असीनब्बे थिए। ती झ्यालहरूमा भारदार, साहेबानहरू र तिनका मेम, छोरी, बुहारीहरू भारी गहनापोशाक लगाई बसेका थिए। एक खण्ड झ्यालमा नेपालका मिनिष्टरसाहेब थिए। उनलाई नाच हेर्न आएका सबै भारदार र दुनियांले टोप झिकी सलाम गरे। उनको गहनापोशाक देख्दा खुशी भई बडो खातिर गरे। बादशाही बाजाका तालमा इन्द्रजाली तमाशा हुन लागेको थियो। कहिले सूर्य उदाउंदाको बिहानको कमलो घाम, कहिले बेलुकाको पहेंलो घाम, कहिले घाम अस्ताए झैं अंध्यारो, फेरि चन्द्रमा उदाउंदा तारा लागेको देखिने, कहिले बादल भई बिजुली चम्केको देखिने, कलको जोरले र मानिसको भीडले गर्मी हुंदा उत्तिखेरि फोहराले पानी बर्साउंदै मेघ गर्जाई शीतल पनि गराउने, कहिले समुद्रमा जहाज चलेको, कहिले बडा बडा शहर, कहिले धेरै धेरै फौजले लडाई गरेको, कहिले बोनापार्टको पांच लाख फौजले नौटोपीको मुलुक मार्दै गई रुसको मुलुक हिमालय पाहाडमा चढी लडाई गरेको देखिने इत्यादि तरह तरहका तमाशा हेरी दुनियांहरू भुलिरहेका थिए।

अकस्मात् इन्द्रका अप्सरा जस्ता तीस चालीस परी सामुन्ने आई खडा हुंदा बडो आश्चर्य भयो। उनीहरूको रूप, हेराइ, छांटकांट र गहनापोशाक देख्दा र पन्ध्र सोह्र वर्ष उमेरका, पुतली उड्दा झैं तरहवितरहसित नाचेको देख्दा सबै जना मोहमा परे। त्यस नाचमा नेपालका प्राइम्मिनिष्टरले पन्ध्र सय रुपियां इनाम दिए। त्यस नाचमा हेर्ने उमराउहरूले एक दिनमा दिएको इनामको रुपियां तीस लाख हुंदो रहेछ। यस्ता शौखीन मानिस बेलायतमा रहेछन्। त्यस नाचका गुरुलाई डेढ लाख र नाच्नेलाई बाह्र हजार दरमाहा सरकारले दिने गरेको रहेछ।

एक दिन बेलायतशहरदेखि दक्षिणतर्फ शहरबाहिर एक बंगला रहेछ। त्यहांका बडासाहेबले मिनिष्टरसाहेबलाई निंता गरी "मेरो बकशालको तमाशा हेरिदिनुभए बढिया होला" भनी धूवांकसको जहाज लिएर आफैं लिन आए। मिनिष्टर पनि जहाजमा चढेर गए। अरू शहरवासी लेडी, मेम र साहेबानहरू हजार बाह्र सय गएका थिए। तीमसानदीका वारिपारि घर हुने दुनियां पनि रमिता हेर्नाका निंति खजित थिए। एकातिर महारानी भिक्टोरियाको सबारी हुने, उसमा नयां पाहुना आउने हुनाले समेत झन् ठूलो रवाफ बढी बकसालमा पुग्दा त्यहां लाखौं मानिसको भीड थियो। त्यो बकसाल सात तला अग्लो, चौघडा हवेली, चार छुट्टै हवेली, पांच बघैंचा र दुइ कोस गिर्दा भएको बडो शोभायमान थियो। सडक चित्र लेखे जस्ता र बघैंचा वृन्दावनको लतागृह जस्तो थियो। कहीं घोडा चढ्ने थलो बनाई घोडा कसिराखेको थियो। कहीं बन्दूक हान्ने थलो बनाई बन्दूक र पेस्तबल राखेको थियो। कहीं धनुकांड तयार थियो भने कहीं पहलमान लड्न तयार थिए। कहीं बादशाही बाजा बज्न लागेको थियो। कहीं परीहरूको नाच हुन लागेको थियो। कहीं गुब्बारा उडाउन लागेको र कहीं आतसबाजीको तमाशा हुन लागेको थियो। घरका भित्र र बाहिरसमेत ग्यास-बत्ती र शरबत्ती बलेकाले सर्वत्र उज्यालो थियो। रूखका हांगापीछे बत्ती बलेकोले रोशनीको बयान गरी साध्य छैन। खाने सरजामको दोकान पनि मौजूद थियो। त्यहां उमराउहरू गए, पैसा तिरे, खाए। कोही घोडा चढ्छन्, कोही बन्दूक र धनु हान्छन्, कोही बाजा बजाउंछन् त कोही नाच्दछन्। यस्तै रीतले सबै खुशीसंग रहेका छन्। नेपालका मिनिष्टरसाहेबले पनि धनु र बन्दूक हान्ने ठाउंमा

गई ओट पनि नबिराई हाने। यस्तो देख्दा सबै लोकले आश्चर्य माली "नेपालका यी प्राइम्मिनिष्टर देख्दामा पनि बहुत सुरतका गहनापोशाक लगाएको पनि बहुतै सुहाएको घोड़ा चढ्न र बन्दूक हान्नामा पनि सिपालु, बोल्नामा उस्तै होशियार, बखतको बुद्धि पनि ईश्वरले दिएको, यस्ता मानिस पनि संसारमा पैदा हुंदा रहेछन्" भनी आफूसमा कुरा गरे।

त्यसै वेला खूब राम्रा राम्रा, लाखौं रुपियांको गहना-पोशाक लगाएका ड्यूकसाहबका सुन्दरी लेडी र मेमहरू अघि सरी प्राइम्मिनिष्टरका गहना र पोशाक छाम्दै कुरा गर्न जान्ने दोभासे मानिस खोजेर त्याई बराबर कुरा गरी कहिले ठट्टा गर्ने, हातमा चुम्बन गर्ने, कुरा गर्दा आंग र मुख रसिलो पार्ने, मुखमा लाली चढाउने, निधारमा पसीना छिक्ने र अंग फुराई कुरा गर्दागर्दै आसक्त भई लाचार हुने गर्न लागे। "अब अबेर भयो, डेरामा जान्छु" भनी जान खोज्दा हात समाती "अलि बेर त बस्नुहोस्" भनी बसालेर बडो खातिर गरे। "अब कहिले नेपाल जानुहुन्छ ?" भनी उनीहरूले सोध्दा "चांडै जान्छु" भनी जवाफ दिए। "किन जानुहुन्छ ? सके सधैं बस्नुहोस्, नसके दश वर्ष, त्यति पनि नभए एक वर्ष ता बस्नुहोस्। बरु नआएको भए हुन्थ्यो। तपाईले जान्छु भन्दा मुटुमा तीर लागे जस्तो लाग्छ" भनी अंध्यारो मुख लगाए। "तपाई गए पनि तपाईको एउटा तस्वीर छाडी जानुभए सधैं तस्वीर हेरी संझना राखौला। नेपाल पुग्नुभएपछि पहुंचनामा चिठी पठाउनुभए हामीलाई सन्तोष होला" भन्दै गहभरी आँसु काढ्दै मुटुमा गांठो पारी बोल्न पनि सकेनन्। तिनीहरूले बडो खातिर गर्दै "तपाईका देशका मानिस अतिगुणी र बडा मिजासी हुंदा रहेछन्। तिनीहरूको बयान गर्न सकिंदो रहेनछ" भन्ने कुरा पनि गरे।

एक दिन बेलायत शहरदेखि पश्चिमतर्फ समुद्रका तीरमा एक पिंगला भन्ने शहर रहेछ। लण्डनबाट पांच सय कोस टाढाको त्यस शहरमा बहुतै मजबूत किल्ला र छाउनी रहेछ। त्यहांका मानिस बहुतै राम्रा र मिजासी रहेछन्। त्यो ठाउं चीजबीज, फलफूल, भाजी, तरकारी, मेवा र अन्नहरूले भरिपूर्ण रहेछ। नेपालका प्राइम्मिनिष्टर त्यस ठाउंमा रेलगाडीबाट पुगे। त्यहां चार पल्टन बसेको रहेछ। त्यहांका लाटसाहेब आई भेटमुलाकात गरेर १९ तोपको सलामी दिए। डेराडण्डाको बन्दोबस्त गरेर मेजमानी दिई बहुत खातिर गरे। त्यसै शहरमा नाच हुन लागेको रहेछ। "नाच हेर्न जाऊं" भनी गाडीमा पुऱ्याए। त्यहां लाखौं मानिसको भीड थियो। ती लोकहरू सबैले प्राइम्मिनिष्टर-साहेबलाई टोप उतारी सलाम गर्दै जयजयकार गरे। त्यस समुद्रका किनारामा ठूलठूला धूवांकसका जहाज बनाउन लागेका रहेछन्। एउटा जहाजमा दिनमा ५०० खेतालाले काम गर्दा रहेछन्। "यस्ता रीतले बनाउंदा छ महीनामा आधा काम तयार भयो, अब छ महीनामा तयार हुन्छ" भन्ने कुरा गरे। त्यो जहाज २०० हात लामो र ५० हात गज भएको थियो। एउटा जहाजमा १०० जनाको छाउनी हुंदो रहेछ। पांच तला अग्ला यस्ता लडाईंका कामका जहाज ५०।६० बन्न लागेका थिए। त्यहांबाट २५० कोस टाढा एउटा बमदिहान भन्ने शहर रहेछ। त्यस शहरमा फलाम, सीसा, पत्थरकोइला आदि धातुको खानी रहेछ। त्यहां दस बाह्र हजार कालिगड काम गर्दा रहेछन्। त्यहां फलाम, कांच आदि धातुहरू ढाली भांडाबर्तन, तोप, बन्दूक, गोला, हतियार, ऐना, झाड, फानस, देवालगिरी र धातुका तस्वीरहरू बनाई साह्रा टापूहरूमा र हिन्दुस्थानमा समेत बिक्री गर्न पठाउंदा रहेछन्। त्यहां धातुका भांडाहरू बिक्री गर्दा जोख्ने र मोलतोल गर्ने चलन रहेनछ। गोरखाका मिनिष्टर त्यहां पुग्दा गंगासागरमा राख्नालाई तामाको एउटा घर बन्न लागेको रहेछ। त्यहांका रैती बहुतै दौलथ भएका रहेछन्। त्यो ठाउं पनि बहुतै रमणीय र गुलजार रहेछ।

यता लण्डनशहर कस्तो रहेछ भने रोजको रोज तमाशा देखिन्छ। कुनै जगामा रेशमी कपडा बुन्न लागेको छ। कहीं बडा बडा गुब्बाराका घर बनाई त्यहां धूवां र हावा भरेको छ। त्यस घरमा चौद्ध मानिस र एक घोडा बसेका छन्। त्यस घरका आसनमा डुंगा र बहाना बांधिएको छ। त्यो आकाशतर्फ उठी उड्दा जति आकाशतर्फ गयो उति सानो हुंदै गई आगिर देखिनै पनि छोड्दछ। कहिले दुइ कोश टाढाको जमीनमा, कहिले पांच कोश टाढाको जमीनमा र कहिले समुद्रमा बस्दछ। समुद्रमा बस्दा त्यसै डुंगामा बसी बहानाले डुंगा खियाएर उत्री रेलगाडीमा चढेर आउंदछन्। त्यस गुब्बारामा चढ्ने मानिसलाई तमाशा हेर्न जाने मानिसहरूले एक जनाले एक एक रुपियां दिंदा पनि चौद्ध पन्ध्र हजार रुपियां जम्मा हुन्छ। कतै आतशबाजीको तमाशा छ। कहीं लडाईं चलिरहेको छ। कतै पहलमानी खेल हुन

लागेको छ । कहीं परीहरू घोडामा सवार भई पंच हतियार भिरेर लडाई गर्न लागेका छन् । कतै पांच वर्षका कन्याकेटीहरू ताजीघोडाका पीठमा चढी एक खुट्टाले टेकेर नाच्दछन् । त्यसरी नाच्दा घोडा टिपेर दौडन्छ । कतै राति तमाशा हेर्न आउनेहरू भकुण्डो लगाई नाचघरमा तमाशा हेर्दछन् । उनीहरूमा कसैले कसैलाई चिन्दैनन् । कहीं घोडदौड हुंदा साठी सत्तरी हजारको जितहार हुन्छ । घोडदौड हेर्न जाने मानिसहरू दुइ तीन लाख हुन्छन् । सबैजसो बग्गीमा सवार हुन्छन् । कहिले तीमसानदीमा जहाजको दौड हुंदा दुइ चार हजारको जितहार हुन्छ । कतै तस्वीरको तमाशा छ । कहीं नयाँ हिक्मत गर्नेहरूको तमाशा छ । त्यहाँ बडा बडा कालिगडहरू गई तजवीज गर्दछन् । कुनै जगामा बाह्र बेलायतटापूका र हिन्दूस्थानका समेत जलचर र थलचर जनावर, पशु र पंछीहरू पालेका छन् । ती जनावर हेर्न बडा बडा लाठ, लेडी र मेमहरू भारी गहनापोशाक लगाई आउंदछन् । तीमसानदीका मनि रस्ता खोली वारपार गर्दछन् । रस्तादेखि माथि नदी बहन्छ । दश बाह्र हजार मानिस चलिरहेका छन् । त्यस रस्तामा दोहरो बग्गीसमेत चलेका छन् । अरू त के बजार पनि त्यहीं छ । त्यस रस्तामा तामाको घर जत्रो ढुंग्रो वारपार गरी छिचोली बिमालुम गराईएको हुनाले सबलाई आश्चर्य हुन्छ । त्यहां आठै पहर ग्यांसबत्तीको उज्यालो छ । भित्र सडकको दुवैतर्फ हाट दोकान हुनाले जुन चीज खोजे पनि मिल्दछ । त्यहांका मानिस सदा खुशी हुनाले कतै पनि रोएको, अपशोच गरेको, हुल, दंगा, झगडा, कुटपिट, गाली, सराप र अर्काको निन्दा गरेको सुनिदैन ।

**सदाबर्तको व्यवस्था–** बडा बडा सम्पत्तिदार महाजन चालीस पचास मिली आआफ्ना शक्यअनुसार कसैले करोड, कसैले लाख र कसैले हजार रुपियां संकल्प गरे । त्यस रुपियांखे बडा बडा इमानदार मानिस हाकिम गराई बेपार चलाए । त्यसबाट आएका मुनाफा र व्याजले सौदा गरी त्यसै मुनाफाखर्चले एक कोस गिर्दा भएको घर बनाएको छ । त्यस ठूलो चौघडा घरको विभिन्न ठाउंमा लुगा सिउने, लुगा धुने, ढुंगाको काम गर्ने, धागो कात्ने, कपडा बुन्ने, काठको काम गर्ने, छालाको काम गर्ने, जडान गर्ने र विभिन्न इलम सिक्नेसमेत व्यवस्था छ । त्यहां जुन मानिसले जुन काम सिक्न खोज्छ त्यही विषयका खलिफाले सिकाउंछन् । त्यहां विभिन्न विषयका खलिफाहरूलाई दरमाहा दिई राखेको छ । त्यस सदावर्तखानामा पांच वर्षदेखि माथि बीस वर्षसंमका इलम सिक्न आउने केटाकेटीलाई नाउं लेखाई जुन काम सिक्न मनसुबा गरेको छ त्यो काम खलिफाहरूसित सिकाउंछन् । त्यहां कोही जहाजको काम, कोही ढुंगाको काम, कोही काठको काम, कोही तामा, पित्तल, ढलवट, फलाम, सुन, चांदीहरूको वस्तु बनाउने र जडान गर्ने काम, कोही कबायदको काम र कोही अरू विभिन्न इलमहरू सिक्दछन् । आआफूले गरेको काम इलममा एकचित गरी डुबिरहेका यस्ता सदाबर्तखाना त्यस शहरमा ३०।४० । रहेछन् पांच वर्षदेखि बीस वर्ष नहुन्ज्याल त्यहां बसी काम सिक्नेहरू बीचमा कोही पनि घर जान पाउंदैनन् । बीस वर्ष भएपछि जुन काम जानेको छ त्यसको जागीरमा भर्ती गरिदिन्छन् । जागीर खान्न भन्नेलाई मात्र आफ्ना घर जान बिदा दिन्छन् ।

संवत् १९०७ साल भाद्र महीनाका ६ दिन जांदा त्यस लण्डन बेलायतका महारानी भिक्टोरिया र अरू त्यहांका प्राइम्मिनिष्टर, कम्याण्डर इन चीफ, प्रिन्स अफ वेल्स, लाठ, ड्यूक, कम्पनीहरू र शहरभरका साहेबानहरू सबै बसी नेपालका प्राइम्मिनिष्टर साहेबलाई डाकेर बहुत खातिर गर्दै "तपाई यहां भेटमुलाकात गर्न आउनुभएकोले गोरखराजका मुलुकी बजीर बेलायतमा आए भन्ने बाह्र टापूमा खबर पुग्दा बडा दिल भएका उमेरदार बडामन्त्री रहेछन् भनी सबैले बयान गरे । त्यसो हुनाले तपाई यहां आउनाले बडो फाइदा र दुइ सरकारको दोस्तानी भयो । दुबैतर्फका भारदार, फौज, पल्टन, दुनियां र महाजनहरूलाई पनि बढिया भयो । अब उप्रान्त गोरखासरकार र हाम्रो दोस्तानीमा कहिल्यै खलबल हुनेछैन । अब तपाई आफ्ना देशतर्फ जानुहुंदा बाटामा सबारीलाई चाहिने घोडा, बग्गी, मियाना, पालकी, जहाज, खानाखर्च, नोकरचाकर र चीजबीज सबै सरजाम ठाउं ठाउंमा हाम्रा भारदारले तयार गरी गोरखासरकारको सिमानासंम पुऱ्याइदिनेछन् । तपाईंलाई कुनै कुराको तकलीफ हुनेछैन । गोरखादरबारमा पुग्नुभएपछि आफ्नो पहुंच र बाटाघाटाको खबर लेखिपठाउनुभए हामीलाई बहुतै सन्तोष हुनेछ" भनी त्यहांका सबैले खातिर गरे । उनीहरूले त्यस ठाउंमा भएका चीजबीज दिई बिदा गर्दा आफूलाई चाहिएका त्यहांका चीजबीजहरू साथमा लिई रेलगाडीमा चढेर गोरखाका प्राइम्मिनिष्टर रमाना भए ।

त्यहांबाट दुइ कोस गएपछि फ्रान्सको प्यारिसशहरमा पुग्न बीचमा चालीस कोसको समुद्र तर्नुपर्थ्यो। बेलायतबाट एक प्रहर दिन बांकीमा रेलगाडीबाट रमाना हुंदा सांझमा समुद्रका तीरमा पुगे। अनि धूवांकसका जहाजमा चढी रमाना भए। जहाज चल्दा उभिन नसकिने हुनाले घोप्टो परी उठ्नु र बस्नुपर्ने भयो। त्यहां बान्ता हुने र भंवरी, दुवाल र लहरीले जोर गर्दा कसो पो हुन्छ भने जस्तो लाग्यो। जहाजमा बहुतै कठिन पर्‍यो। तीन प्रहर रात बांकीमा बल्ल समुद्रका किनारमा पुगे। अनि होटनघरमा बिश्राम गरे। बिहान रेलगाडीमा सबार भई एक प्रहर दिन चढ्दा प्यारिसशहरमा पुगे।

त्यहां आज गोरखाका प्राइम्मिनिष्टर जंगबहांदुर कुवर राणा यहां आइपुग्छन् भन्ने सबैलाई थाहा भएको हुनाले रमिता हेर्न आएका त्यहांका छोटा, बडा, जनाना, मर्दाना गरी जम्मा सबालाख मानिसको भीड थियो। त्यहां आएका सबैले सलाम गरि स्वागत गरे। बडासाहेबहरू आई मिजासंग "हाम्रो सरकारबाट तपाईंको डेरालाई प्यारीसशहरको असल नामुद घर खटाएको छ" भने। त्यहां पहिल्यै जाफतलाई चाहिने भाजी, तरकारीलगायत सबै सरजाम तयार गरी राखेको रहेछ। त्यहांका प्राइम्मिनिष्टरसमेतले डेरामा पुग्याई मेजमानी चढाएर बहुत खातिर गरी फर्के।

भोलिपल्ट त्यहांका प्राइम्मिनिष्टर आई गोरखाका प्राइम्मिनिष्टरलाई बग्गीमा सबारी चलाएर प्यारिसशहरका दरबारको भित्र, बाहिर, बागबगैंचा, नहर, तलाउ, चित्र, तस्वीर, जगा जगाको नाचतमाशा, गढी, किल्ला, फौज, छाउनी, शहर, हात्ती, घोडा, देशदेशाबरका जात जातका पशु, पंछी, गिर्जाघरलगायत सबै देखाए। त्यहांका कालिगड र महाजनहरूले अनौठा चीजबीजहरू त्याई देखाउदा लांख डेढलाखको मालसामान खरीद भयो। त्यहांका बादशाह पश्चिम दिशातिर हावा खान गएका रहेछन्। छ सात दिनपछि आइपुगे। नेपालका प्राइम्मिनिष्टरसाहेब बादशाहसित भेट गर्न जांदा बादशाह बैठकबाट ढोकासंम लिन आए। उनले हात समाती गुड मर्निङ सलाम गर्दै बाटाघाटाको कुरा सोधे। नेपालका प्राइम्मिनिष्टरले सब बिस्तार गरे। "हिन्दुस्थानमा अंग्रेजको र गोरखाको सिमाना जोरिएको छ भन्ने सुनिन्थ्यो आज दैवसंयोगले भेटमुलाकात भयो। आज तपाईंलाई केही चीज लिनाको चाह छ कि? गढी, किल्ला, फौज, पल्टन, ऐन, किताब, खरखजाना, नाचतमाशा जति हाम्रा मुलुकमा छन् तपाईंलाई चाह भएको कुरा मेरा भाई प्राइम्मिनिष्टरलाई भन्नुहोस् उनले सबै कुरा मिलाइदिनेछन्" भनी बडो खातिरपूर्वक मुलाकात गरे। त्यहां छ लाख फौज रहेछन्।

अघि त्यहांका बादशाहले फौज, पल्टन र दुनियांहरूलाई टन्टा लगाउंदा रिपब्लिक गरी त्यहांका बादशाहलाई धपाएर बोनापार्ट प्रेसिडेण्टलाई बादशाह थापेछन्। बोनापार्टले फौज, पल्टन र दुनियांको स्थिति, बन्देज बन्दोबस्त गरी राजी गराएर राखेका हुनाले उनलाई सबैले रुचाउंदै जय मनाउने रहेछन्। शहरका ठाउं ठाउंमा साहुमहाजनहरू बसेका रहेछन्। साह्रा शहरवासीहरू निकै धनवान् रहेछन्। साह्रा हवेली पक्का, ऐनाको झ्याल, ऐनाको छाना भएका थिए। झाडबत्ती बालिराखेका थिए। भांडा सबै सुनचांदीका थिए। तार बनाएर लैस गुछली बनाउने काममा मात्र सुनचांदी प्रयोग हुने रहेछ। सुनचांदीका गहना सबैले पनि लाउंदा रहेनछन्। पुग्नेले नवरत्नका गहना लगाउने र नपुग्नेले बरु लगाउंदै नलगाउने रहेछन्। पोशाक भने छोटा बडा सबै जनानाहरू साटनको लहंगा, ऊनको रुमाल, मोजा, पंजा, सेतो टोप र जुत्ता लाउंदा रहेछन्। मर्दानामा सबैले कालो बनातको टोप, कुर्था, चुस्ता, मोजा, पंजा र गलेबन्द लगाउंदा रहेछन्। पृथ्वीभरमा इलममा डुबेका अक्कली कालिगढ फ्रान्सका बराबर अरू मुलुकमा कतै छैनन्। जातमाफिक र आआफ्नो रुचिअनुसार तोप, बन्दूक, खजाना, जात जातको छिट, बनात, जहाज, रेल, पालकी, घडी, तस्वीर, झाड, पानस, देवालगिरी, ठूलठूला ऐना, जात जातका कांचका भांडासमेत बनाउन शुरु गरेको पहिलो फ्रान्समै रहेछ। पछि त्यहांको नकल गरी अरू मुलुकमा बन्न लागेछ।

क्रमशः

# ऐतिहासिक पत्रस्तम्भ

नं. २६३

श्री ५ हुजूर

१

खबर दिल्लीकी । जहूर जहांपना । बादशाह बदस्तूरबिच कुतब साहबके तशरीफ रखते हैं अर्से आठ रोजकेसे । तबियत हुजूरकी बहोत बीमार थी । बलीअहेद बहादुर मिजाजकी खबरके वास्ते गएथे । दर्वारमे हाजिर हुवे । मिजाज खबर हुजूरकी पूछ कर्के रुकसद होके किलेसे दाखिल हुवे । इसी अर्सेमे हुजूरको ज्यादा बिमारी बढगई । हालत निजाकी होगई । बलीअहेदने साहब किलेदार से काहभेजा । अपने चौको पहरेका बन्दोबस्त रखो । हुजुरका मिजाज हालत निजामेसे है । रोसात होयके कोई शाहजादा किलेमे आनकर बिदत करे । किलेदारने बलीअहेदसे कहेभेजा । अभी तुह्मारे कहनेसे कुछ नही कियाजाता है । तुम जमाखातरसे बैठेरहो । बाद तीन रोजके हुजूरके मिजाजको आराम होगया । अब बहोत अछातरांसे है । और खबर दिल्लीकी बदस्तूर है । आषाढसे वर्षा नहोनेके सबबसे अन्न महगा होगया था । श्रावण वदि ५ रोजमे वर्षा हुई । अकबरावादकी खबरसे मालूम हुवा । बडे मटकल साहबका इराइदा कलकत्ते जानेका था । सदरसे हुकुम आया । पांच वर्षतलक अकबरावादमे रहो । इलाहाबादमे जो सदर निजामतका कचहेरी मुकर्रर है सो दफतर सदरके हुकुमसे अकबराबादमे आना चाहता है । खबर जैपुर जोधपुरकी बदस्तूर है । खवर लाहोरकी । आषाढके बीस रोज गएमे । काजी कालूसिहजी कप्तान करवीरसिहजी दोनो सर्दारौंने महाराज रंजीतसिहवाली लाहोरसे मुलाकात हासिल करी । सूरत ये है । कंबर शेरसिंह सर्दार ज्वालासिंह मुसाहब सर्कारका कप्तान भूपालसिंह थापावगैरे सर्दारौंको लेके कंबर मसकूर काजीसाहबको लेनेके वास्ते आए । काजीसाहब मै कप्तानसाहबके मै अपने अमलेके वास्ते मुलाकातके तशरीफ लेगए । जब किलेके नजदीक पहोंचे हकीम अजीजुद्दीन नूरुद्दीन पंडित दीनानाथजी बगैरे मुसाहबोने काजीसाहेबसे मुलाकात करी । मीजाजकी खबर पूछी । हजूरी बागमे महाराज रौनक अफरोज थे । काजीसाबने हजूरीबागमे महाराजासे मुलाकात हासिल करी । एक सौ एक रुपया महाराजके उपरसे काजीसाहने नौछाबर किया । नजर देनेकी तफसील ये है । काजीसाहबके तरफसे मोहोर ५ बेटेके तरफसे मोहर २ कप्तानके तरफसे मोहर ९ कप्तानके बेटेके तरफसे मोहर १ मुषिया राजवीरके तरफसे १ सुबेदारके त. १ जयशंकरके तरफसे बुदकी २ श्री निवास दारोगा २ ज्मा. प्रेमनारायण सेन २ शागिर्द पेशेके तरफसे १५० रुपै बाद नजर देनेता देरलेक मिजाजकी खबर पूछतेरहे । बाद इस्के जिनिसतौ महाराजके सामने रखागया । तफसील ये है ... १ ... के तरफसे नीलक थान १ पार्चेचीनके थान ९ बंदूक दुनाली बिलायती १ नाकेमुष्कके २० खुखुरी १ डोडामे तहे नाल सोनेके १ चन्द्रहाव सुफेद १ ... मुष्कदानेकी माला १ क्वांच मखमली १ बष्षू चीनका १ नैनसुख थान २ मलमल थान ५ ढाकेकी ५ गो ... ३० ... ७ पगडी ढाकेकी ४ जामदानी थान ५ कमखाब थान ९ हाथीमै कूल ३ वगैरे असबाबको महाराजने बहोत पसन्द किया । एक एक चीजको ता देरतक हाथमे लेके देखते रहे । काजीसाहबकी तरफसे हाथी १ टांगन अबलक ५ मलमल थान २ पगडी १ छत्र मैकलसी सोनेकी । किरणका सर्वाग मैनाफेके १ खुखुडी खोडा १ मै तहे नाल सोनेके । कुत्ते भोटिये २ राजबीर मुखियाके तरफसे कमखाब थान १ खुखुडी १ बेनेमुष्क २ बाद इस्के बार

घडीतक बाते महाराज हरेक जिलेकी पूछते रहे । काजी-साहब रुकसद होके अपने खेमेमे दाखल हुवे । हकीम अजीजुद्दीन ज्याफतलेके आए तफसील ज्याकतकी । बाबत काजीसाहबके डेरे भेजे एक हजार दो सौ पच्चीस रुपै कप्तान ६२५ मुषियाहुँराजवीर १२५ इनामकी तफसील । सर्कारी जिनिससे जानेवाले आदमीयौंको इनाम ५०० काजीसाहबके जिनिस लेजानेवाले आदमीयोंको १०० फीलवान सर्कारीको २०० पौशाष जोडा चादर । साईसोंको १५० पौशाष जोडा चादर । एक फीलवान १०० काजी-साहबके फीलवानको १०० साईसोंको ५० कुत्ते ५० पौशाष २ दूसरे रोज ज्मादार सर्कारने मुसव्विरों याद किया था । काजीसाहबने मुसव्विरोंको जमादार साथ कर्के भेजा । इनके हाथका काम तसवीरे देखकर महाराज बहोत खुश हुवे । ज्मादारको एक जोडा चादर दिया । मुसव्विरोंको खिलत देके रुकसद किया । दूसरे रोज महाराजने काजीसाहबको बुलाया । काजीसाहब कप्तानसाहब मुषिया राजवीरजी काजी भूपाल थापा चारों साहब मुलाकातको गए । चार घडीतक एकान्तमे बातें रही । काजीसाहब रुकसद होके अपने डेरेमे तशरीफ लाए । आगे जैसा हाल गुजरेगा सो अर्ज करुंगा । सं १८९४ आ. वदि ८ रोज २ शु — — — — — — — — — — — —

— | —

नं. ४७१

अर्जि — — — — — — — — — — —
उप्रान्त अंरेजको मुलुक अर्ज तुलमा कति छ चौतर्फी सिवानाको नक्सा उतारि पठावनु सिवाना कससंग मिल्याको छ किल्ला ज्मा कति छन् कौन कौन जगामा छन् साना ठुला कस्ता छन् वारुदषाना ज्मा कति छन् कौन जगामा छन् साना ठुला कति छन् मेगजिन काहां काहां कति छन् फौज ज्मा कति छ काहां काहां कति छ गोरा तिलंगा तुर्कसवार कति छन् पगरि कति छन् तोप काहां काहां कति छन् कल्कत्ता सहर र ताहांका किल्ला हवेलि कस्ता छन् नक्सा उतारि पठावनु बन्दुकमा लागन्या काला पत्थर याहां पाहाडमा चिन्या मानिसमा २ जनालाई दर्माहाको वन्दोवस्त गरि पठाइदिनु हुकुम बुढागुरुज्युवाट आयावमोजिम अंरेजको मुलुक अर्ज तुल्मा कति छ भनि हुकुम भयाका अर्थ हिन्दुस्तानका वादसाहत्मा नेपाल र पंजापका अमल्दारिवाहेक कति अंरेजको षास दषल्मा छ कति अंरेजका तावेमा छन् अंरेजका तावेमा भयाका राजारजवाडा नवावका मुलुक अंरेजका षास अमल्दारिका माझ माझमा हुनाले उन्हेरुसित सिवाना छ चौर्तफि सिवानाको नक्सा उतारि पठाउनु भनि हुकुम आयाका अर्थ चौर्तफि सिवानाको नक्सा उतार्दा सारा हिन्दुस्तानको नक्सा उतार्नुपर्छ नक्सा उतार्न जान्या मानिसहरूलाई सोधदा हिन्दुस्तानका एक नक्सालाई दुई सये रुपैयांदेखि कम भन्दैनन् उ नक्सा पनि अंरेजिमा उन्हेरू उतारिन्छिन् हिन्दि अक्षर आफुले लेषावनुपर्न्या हुदा नक्सा नलेषाई अंरेजि र फार्सि अक्षरमा छापा भ..को हिन्दुस्तानको नक्सा षोजि अंरेजका दोकानवाट ८० रुपैयांमा खरिद गर्‍यां सिवाना कसकस ... म भयाका अर्थ वायव्य कोनातिर सिषका मुलुकसित सिवाना छ पच्छिम ... दषिन सिवानामा समुद्र छ आग्नए पुर्व वर्माका मुलुकसित सर्हद छ उत्तरका तर्फ नेपालका मुलुकसित सर्हद छ किल्ला ज्मा कति छन् कौन कौन जगामा छन् साना ठुला कस्ता छन् भनि हुकुम भयाका अर्थ अंरेजले वनायाका ठुला किल्ला २ छन् कल्कत्तामा एक कल्कत्ताको किल्लाको नाम फोर्टवलीयम छ मनराजमा किल्ला १ मनराजका किल्लाको नाम फोर्ट सिष्तजार्ज छ कल्कत्ताका गौर्म्येन्टका तावेका मुलुकमा हिन्दुस्तानिका पालाका मुलुकमाका किल्लाहरूमा चनरिगढको किल्ला प्रयागको किल्ला आगराको किल्ला आवाद छ ईन किल्लामा फौज गोरा काला तिलंगा तोपषाना वारुदषाना मेगजिन रहन्छ कल्कत्ताका इलाकाका मुलुकमा हिन्दुस्तानिका पालाका ई ३ किल्ला वाहेकका किल्लाहरू ... ... पनि रहदैन किल्ला टुटिफुटि उजार छन् याहां अंरेजका कागजमा उन किल्लाको तप्सील लेषियाको छैन काहा छन् कति छन् केहि ठेकाना पाईदैन वम्वै र मनराजका मुलुकमा पुराना किल्ला ... ... तेस्को केहि ठेकाना मिल्याको छैन षोजतलासमा छु पाउन्या वित्तिकै विन्ति चह्राई पठाउला वारूदषाना मेगजिन वेलाईति गोरा र हिन्दुस्तानि तिलंगा र तुर्क सवार पगरिहरूको र तोप वम गीराफको तायदात चह्राई पठावनु भनि हुकुम भयाका अर्थ कम्पनिका कार्षानामा इ सबवाट ... ... बहुतै तलास गर्दा एक किताव हात लाग्याको छ

त्यसमा फौजका......हरूका तपसिल लेष्याको छ तर्जुमा गर्न लाइराष्याको छ अरूको पनि अभिन्तर तलास गर्दछु उस्का हालसुरतको विन्ति पनि चह्राइ पठाउला तर्जुमा गर्दा अरेजि हिन्दुस्तानि जान्या मानिस चाहिन्छ अघि २० रुपैयांको दर्माहा अरेजि लेषपढ गर्न्याको मिल्दो रहेछ अब अरेजि लेषपढ गर्न्याको दर्माहा नाएवलाइ षापिन जांदा विनाहुकुम अर्को मानिस राषन सकियाको छैन नाएव मदनमोहन तिवारी ४।५ दिन्मा कैल्हेकाहि आउंथ्या विन्ति चह्राइ पठायाको हो आजकाल चौथा प्रहर्मा १ फेर आउछन घरि २ घरि रहन्छन् घरि २ घरिमा तर्जुमा होइसकतैन अरेजिमा न......विसि सम्मको सामरथ उन्मा छ तर्जुमा उन्का हाथ होइ पनि सकतन १ वंगालि अरेजि वेस जान्यालाइ लगाइ राष्याको छ उसित अरेजिको वेला भाषामा बुझि हाम्रा वोलिमा तर्जुमा गर्न लाउछु आफ्ना बुद्धि पौरुषले पुगिआयासम हुकुम भयाका काजमा मिहिनत गर्न्या सेवकको धर्म हो अन्जाम खामीदका अकवालले हुन्छ कल्कत्ता सहर र ताहाको किल्ला हवेलि कस्ता छन् नक्सा उतारि पठाउनु हुकुम भयाका अर्थ गवर्नर वस्न्या घरको र अरेज......चौरंगिसडकका मकानहरूका तसविर २३ मछुवावाजारवाट चितपुर जान्या सडकमाका तसविरहरू लिराष्याका छन् अरूका तलासमा छ पायासम्म षरिद गरुला कल्कत्ता सवै सहर र किल्लाको नक्सा छापाहरू अरेजि हरफमा पाइन्छ नक्सा साना कागजमा हुनाले हाम्रा अक्षर लेषदा नअटाउन्या हुंदा नक्सा लेषन्या कारिगरसित ठेकाना गर्दा ११२ रुपैयांमा ठेका भयो नक्सा लेषन्याको मजुरि १०० रूपैया नक्साको वेलाइति कागज ३ फर्दको दाम १२ रूपैया वन्दुकमा लाउन्या काला पत्थर चिह्नि यांहां पाहाडमा षोजि निकालन सकन्या मानिस तलास गरि पठाउनु भनि हुकुम भयाका अर्थ हिन्दुस्तानि वंगालिहरूमा हामि सकौंला भन्या कोइ फेला पर्दैनन् अंरेज फरासिसका ठिमाहाहरूमा पाइन्छन् हजुरमा नषक्साइ ईनहरूसित कुराकहानि गर्न सक्याको छैन हुकुम आया एस कामका मानिस फलामका तोप वम ढालि तुर्फान धुवाका कलले गर्न सकन्या अरेजि दस्तूरका किल्लाहरू वनाउनाको काम जान्या वन्दुकका पुर्जा चिह्नमा वनाउन जान्या अरेज फरासिस उन्का ठिमाहाहरूमा पाइन्छन् इन्हेरूमा षोजेर पठाउन्या हो कि कसो हो एत्तलाएनिमित्त अर्जि विन्ति चह्राइ पठायाको छ जो हुकुम इति सम्वत् १८९४ साल मिति मार्गशोर्ष सुदि ११ रोज ६ मोकाम कल्कत्ता बुडिवाजार दर्माहट्टा शुभम् – – – – – – – –

सेवक लोकरमणोपाध्यायको वेदोक्त पुराणोक्त सहश्रकोटि शुभाशीर्वाद शुभम् – – – – – –

– । –

नं. १२६

अर्जी– – – – – – – – – – – –

उप्रान्त गरिप्रवर वैशाक वदि १२ रोज ६ का दिन नागपूर दाषील भयुं. हाल बुझयाको समाचार राजा रघुजी भूसिलो रहेछ कारिन्दा गुलामलि मुसल्मान रहेछ इन्का तैनाथमा ७ हजार जुवान रह्याछन् खानु इन्को बुझ र जश्ले दवायाको छ उस्का इसराले काम चल्दो रहेछ यांहांको दस्तूर कोइ उनाउ आदमी आया जामीन खडा गर्‍यो भन्या वस्न पाउदो रहेछ उ कुरो भयेन भन्या वस्तिमा वस्न पाइंदो रहेनछ को काहांवाट आयो को क्या बोल्छ भन्या निन्दा वहुतै रहेछ नागपूरदेषि उत्तरदिशा कोश २ मा कामटि भन्याका जग्गामा छाउनी रहेछ गोरा पल्टन २ काला पल्टन ६ ज्मा ८ पल्टन ली जर्णेल वस्याको रहेछ जो नागपुरको काम हो साजसुमेरको षईषवर नामनामासि अंरेजसित पुग्दो रहेछ मुलुक गर्मि पानि नुना षराप् छ भवान्सिं षत् १०।१२ दिन बसि दक्षिणतरफ गयाछन् प्रभू षोजदा बुझदा पायाको लेषि अर्जि चढाई पठायाको छ गुल्त्रला वन्दिनीवाज गुलामले अवि पनि निमषै जानि काम गरि आयाको होला अव पनि निमषे जान्याछ मेरो कोई छैन श्रीफ आधार षामीदका चरणको छ म टाढा छु लालवाल चरनमा छन निघाहा भयाजावोस् सदय हृदयानन्द प्रभु चरणेष्वालमतिविस्तरेण इति सम्वत् १८९५ साल मिति वैशाक शुदि ५ रोज १ मुकाम नागपूर शुभम्– – – – – – – – – – – –

–०–

नं. ४९

श्रीइश्वर जमुना श्रीचौतरिया साहेब श्रीदैव षाविन्द
१ २ ३ ४

अर्जि — — — — — — — — — — — —
जहांपना अर्ज षवर वीस्तार अघी चह्राई पठायाको तेह्रवां अर्जिवाट जाहेर भयोहो हालको अर्थ सुना चांदी तांवा सीसा लोहा गैह्रको षान षानी तजवीज तलासलाई आयाको कप्तान दुर्जमन साहेपसंग भेट श्रेस्ताचार गरियो र तेस्ले कह्याको षवर ब्रह्माको वादसाह थारावादी आजकल पागलको तौर भयाको कौल करारमा वेकौल भै जंगी कामको वंदोवस्तमा लगीरहेछ कलकत्तामा पनी जंगी कामको ताकीदी मजबुती हुन लागीरहेछ वर्वादसाह ब्रह्मासंग जु सलुक जो हुन्छ नेपालवाट कलकत्ता जान्या जर्नेल आजकल लाहोरमा पुग्या नेपालवाट जगा जगा वकील षलतारपत्रको आवतजावत वहुत हुन लागीरहेछ ब्रह्मावालासंग दोस्ति १ वाक्य पनी भयो भन्या षवर सुनिन्छ षवर येकिन हो भन्या वेहेतरी देषिदैन क्युंकि अंरेज कंपनि वहुत जवर्दस्त छ येकतर्फ सलुक वंदोवस्त वांधी चारौंतर्फ-वाट भारी फौजले हल्ला गर्दा कोही राजाहेरू ठहर्न सक्न्या-छैनन् तमाम हिन्दुस्तानी राजाहरूको १ वाक्य पनी केही भैसक्न्या छैन राजाहेरू आप वर्वाद हुन्याछन् भनी येस्तै घेरै कुराको अंरेज कंपनीको तारिफ गर्‍यो र तेस्को जवाव वर्वादको अर्थ फत्ते र सीकीस्त दो चीज — —१— — को अष्त्यारमा रहन्छ जस्को उपर नाषुस हुनन् उ वर्वाद होला नेपालको र ब्रह्मावालाको दोस्ती १ वाक्य भयो भन्या षवर गलत देखिन्छ अनेक राजा वादसाहहेरूसंगको दोस्ती श्रेस्ताचारको षलतारपत्र तर्तोफाको आमदरफ्त कदीमदेषी चली आयाकै छ आवतजावत हुदैछ मातवर्सि थापाको अर्थ रुवोस भै नेपालवाट गया भन्या षवर छ कलमी षवर भन्या छैन भन्या जवाव दिन्या काम गरियो जाहेर होला जुनावै आली लषनौमा ६ पल्टन काला र १ रिसाला जम्मा ७ पल्टं पुरानु छंदै थियो अव नवावले फौजको मुषत्यारीका मदीयार ४ पल्ट नयां भर्ती गरि ज्मा ११ पल्टमा चाहीन्या जर्नेल कर्नेल कप्तान लप्टेन गैह्र साहेवान भर्ति भै पल्टंलाई चाहीन्या तलब तन्षाहवापत लषनौको जिल्लामध्ये जगा छुट्याई तेस जगाको वंदोवस्त तहसीलमा साहेवानको जवानी सुन्याको हो जाहेर होला गरिवपर्वर अंरेजका अम्वलमध्ये मधेस पाहाडमा वजीर वादसाहवाट अघि पायाको माफि जमीन जागीरान जति छ जफ्त गर्न्या कामको मुषत्यार भै कप्तान वरुस्तर साहेव भन्याको आयेछ हाल वरेली फर्षावाद कासीपुरतर्फको वन्दोवस्त गर्न लागीरहेछ गढ कुमाउमा पनि आउन्याछन् भन्या षवर छ कासीपुरतर्फको वन्दोवस्तमा वागवगीचाको आठ आना वीघाको दरले रकम तिर्नाको कवुल गर या वगीचाको वोट डाला काटी षेत वनाइन्छ भनी टंटा गरीराषेछ भन्या षवर छ गुरुद्वार सुषाठोरतर्फ फाल्तु गोरा साहेवानहेरूले — —२— — जीवाट गुलनहर फिकी कदीमी वैरान कालावन्जरमा वंगला वनाई वस्ती वसाइ षेती गर्न लागीरह्या छन् भन्या निस्तुक षवर छ तसर्थ क्रम क्रमले भरहिन्दुस्तानमा गोरालोगको वस्ती हुन्याछ भन्या हिदुस्तानी छोटा वडा सवको चीतमा पर्‍याकै छ २।३ वर्षदेषी ईनीहेरूको नीयेत सव वातमा कम हुदै आयाको देषिन्छ तत्पर हाल हिदुस्तानीहेरूको १ वाक्य भै सकला भन्या चीत्तले देष्दैन थोरैले काम नीभाउनु कठि देषिन्छ जाहेर होला गढ कुमाउको अर्थ २० सल्लाको वन्दोवस्त कर्नेल गौन साहेववाट हुन लाग्याको हो यो साल अघी त्रीयेल साहेववाट भयाको पट्टा वंदोवस्तवमोजि पैसा उठाउनु भन्या लाठ गवरनरवाट लेषि आयो र ३।४ पर्गन्नामा २० सल्लाको वंदोवस्त भै पट्टा सौंपियाको पनी पट्टा फिर्ता भयो जंगी मुल्की कामको दुवै लाठ सीमल्याको छाउनीमा छन् वाद वर्सादि नोम्वरको मैह्ना अर्थात मंसीरको मैह्नामा रणजित्सिंसग भेट मुलाकात हुन्याछ जाहेर होला वंदनेवाज सेवकको अर्थ वर्षाको यांममा नयां षवर उस्तो केही पाई दैनथ्यो र ४ मैह्ना वर्षा सिलगडी आई वसिन्थ्यो सालवसाल सो मामुली वाधीयाको हुनाले कंले जान्छौ भनी साहेवानहरू वारवार सोधनी गर्न्या तसर्थ वेहोरा विति लेषियावमोजिम डोटी — — ३ — — वाट वोलाहट मेहर भंगयो र हवल्दार भुजवीरलाई अल्मोडामा थामी साहेवानहेरूसग श्रेस्तावारिको वीदावारी भै आउन्या काम गरियो र वैतरी किल्लाघाट अडा गौडामा चाहिन्या काम-कुरा कंपनी पगरीहेरूलाई अह्राई आषाड वदि २ को दिन सीलगढी आईपुग्यां पारीको जगा वीसेस चाहीन्या षाईषर्चके पक्का रूपैयांको सट्टापट्टा गरी वादवर्सादि अल्मोडा जान्या काम गर्न्याछु आईन्दाके हजूर्केजगंजूर दीनदुनीका —४— — हुनुहुन्छ सर अप्सर माफ र पर्वरसको नीगाह फर्माया जाला

ज्यादा हद्द अदब शुभं – – – – – – – –

ईतनोमकपर्वदाकदीमी सेवक चतुर्भुज मल्लको कुर्णेस सेवा ३

९५ साल आषाड वदि १० रवौ डोटी सिल्गढी शुभं – – – – – – – – – – –

–|–

नं. २७९

स्वस्ति श्रीसर्वोपमायोग्य ब्रह्मकर्मसमर्थ श्रीश्रीश्रीश्री-श्रीश्री राजगुरु पण्डितराज रंगनाथ पण्डितानां चरणसरोरुहेषु भिक्षुक लक्ष्मणशर्मण: प्रणामा: सन्तु यांहा कुशल ताहां कुशल भया हाम्रो उद्धार्होला आगे यांहाको समाचार भलो छ उप्रान्त आषाड वदि ९ रोज ७ मा वात्साह मोतिमहल्मा हुनुहुन्थ्यो अलीअहीद आया मोजरा गन्या वलीअहीदलाई कटौरा नाम गन्याको वाग वक्सनुभयो वलीअहीदले असर्फि १ नजर्दि सलाम गन्या ताहांपछि वात्साहले मुगल वेग षां वजीरलाई हुकुं भयो मैले सुन्या अलफ वेग षां कपतानले वहुत कादमि सिपाहिहरूलाई षारिज गन्योअरे त भनिदियास् कोहि गरिपलाई षारिज नगरोस् आषाढ वदि १२ रोज ३ मा वात्साह पोसाक अलंकरण आफ्ना लगाई वैराउनुभया मिर्जावली अहीद किल्लेदार होलसं साहेव अरू दुई साहेव सर्दारहरू मोजरा गरि वात्साहका पाउरखुवारि भया षानंका वजारमा मुल्ला साह नाउ गन्याका फकीर वस्याका जगामा जाई फकीरसित भेट गरि वांहि वात्साहले कौवालको गाउनु सुन्या रोकसत हुदामा रुपैया भन्याको जरीको थैलि फकीरलाई चह्राउनुभयो फकीरले पनि पगडि १ वोला कोसेर्नि वात्साहलाई दि विदा गन्या वात्साह आउदा जादामा कंपनिका तरफवाट २१।२१ पटक तोपका आवाज भया नवाफ वजीर मम्मत षांको षलिता लि तामस साहेवलाई दिया पचास हजार रुपया मम्मत षांले ज्ञानचं सेठका कर्जा लियाका छं त्यस्मा कंपनिवाट वाह्र हजार पाच सय मम्मत षांलाई जो रुपया दर्माह मिल्छ सो ज्ञानचं सेठलाई मिलोस् ति कुरा सुनि पत्र हेरि तमास साहेवले उत्तरा लेष्यो यस काममा अजमेरका रजीदफको मार्फत तम्रो पत्र नआउंज्याल कसैलाई १ कौडि पनि दिन्याछैन आषाड वदि १२ रोज ३ का रातमा षानपिन गरि तामस साहेव गुडगाउ गया राजाहरूका वकीलहरू तामस साहेवसित गया केहि दिन तांहा वसि आउन्या कुरा सुनिन्छन् वुध वार रविसेन सिकत्तर साहेवले संसुदि षां नवाफका तनुषाहदारलाई पचिस हजार रुपया कोठिवाट दिया हिंदुराउ महँट्टाको मैह्ना ५ को दर्माह पचास हजार रुपया महाराज जनकुराउ ग्वोलियरका मालिकले तमास साहेवमार्फत पठाई दिया तमास साहेवले हिंदुराउलाई दिया लषनौका मालिक नसिरद्दौला उठ्न वस्न सक्तैनन् पलंमा जनानाषांमा पडिरहन्छं कचहरि पनि तांहि हुन्छ उंले सर्कार कंपनिलाई लेषिराष्याछं पचिस लाष रुपया म नजरआना चह्राउछु मेरो जिउ छदै मेरा छोरालाइ गादिमा वसाइदिनुहवस् मेरो मुलुक सर्कारमा इजारा गरिदिछु भन्या इ कुरा पनि सुनिछन् जयपूरका राउल वैरिसालका छोरालाइ महारानिवाट तम्रा वावुको काम तिमि गर भन्या हुकुं भरद्देछ भन्या कुरो सुनिछ करुणानिधान इ सवै कुरा सुन्याका लेषिछन् हुन् होइनन् यो ठहराउन सकिदैन माफ गराइवक्स्याजाला म अज्ञानि छु किमधिकं विज्ञातितरेषु इति सम्वत् १८९५ साल मिति आषाड शुदि रोज मुकाम दिल्ली शुभम्– – – – – – – – – – – –

यससमेत सात आठफेरा पत्र चह्राइषठायाका भया पुग्छं कि. विचमा अट्कछं वुझन सकियेन.

लःहुरेदेखि ३० कोस फिरोजवादमा मेरठ्को छाउनि जांछ भनि सुनिछ.

–|–

नं. १७३

अर्जी – – – – – – – – – – –

उप्रान्त कलकत्ता वस्न्या साहेवहरूलाई विलायतदेखि पारमंटन सोहेवानको पत्र आयो षवर हैरातको पंजावको कावुलको सिधुको अरू मुलुकको पनि चाडो गरि लेषन्या

गर चाडो चलन्या जाहाजमा हालि पठाउन्या गर त्यो पत्र देखि कलकत्तावाट अकवाल नवीसहरूलाई पत्र आया सात आठ दिनमा षवरको पत्र १ लेष्यो अव रोजिन्ना पत्र लेष्न्या गर कोहि कोहि साहेवहरू भन्छन् रूषका वात्साह-लाइ हिंदुस्थान हेर्नाको इरादा छ इरानको फौज हैराततरफ आयो इरानका फौजमा रूषको फौज पनि सामिल होइजाला यस्तो बुझिछ तसर्थ विलायितका साहेवहरू षवर सुन्न षोज्छन् वडा वडा साहेवहरू विराना मुलुकको पवर सुर्दै रह्या छिद्र पायेर आफ्नु काम गर्नु हुंछ भंछं लंधंकि वात्साह आदि दंतुरिको तारिफ गर्छन् साना उमेरमा इंले ठूली वंदवस्त गरिन् स्वास्निदेषि यस्तो वंदवस्त हुंदैन भनि साहेवहरू भंछं लंधंमा मास ३ मा १७ फेरा भूमिकंप भयो दिन ३ आंधि आयो धुलो उड्नाले दरिया उसोर भन्याको स्थल जस्तो भैगयो भंछं षवर लाहुर्को दिनानाथ दिमानले विंति गर्‍या वकील रूषका कावुलदेखि हजूरमा आउंछं उनलाइ हतियारसमेत सिपाहि सवारिको कवाइज् देषाउनु लाठ साहेववाट पठायाका मुसाहेवहरूको मान गर्नालाई महाराज दीनानगर वस्याका छं भनि सुनिछ कावुलवाला सासुज्जाल उल्लुकका वकील २ लोध्यानादेषि लाठसाहेव छेउ गयाथ्या हवाल सोधि सय सय रुपया षिल्लत दि सय सय रुपया नगद दि लाठ साहेवले वकीललाइ विदा गर्‍या अरू वृत्तान्त अर्का पत्रवाट जाहार होला सुन्याको गलवा षवर लेषिछ क्षमा राषिवक्सिस भया वढिया होला किम-धिकमतिविज्ञेषु इति सम्वत् १८९५ साल आषाड शुदि रोज शुभम्– – – – – – – – – – –

भिक्षुक लक्ष्मण शर्मणः शुभाशिषः सन्तु.

– | –

न. ३२

अर्जि – – – – – – – – – – –

उप्रान्त कर्नेल विन्सन साहव वर्माका रजिडन्ट भै वादसाहि जंगिजहाज १ र धुवाको जहाज १ साथ ली वर्माका मुलुकतिर गयाका छन् इनलाइ वाहा रहन दिया सलुक राष्या भन्या लडाइं हुन्याछैन इनलाइ वाहा रहन दिएनन् फेरि उचित पनि वांहावात् सलुकि गर्‍या भन्या लडाइं हुन्याछ भनि षवर्का कागजमा छाप्याको छ विन्सिन साहवलाइ वर्माका मुलुकमा रहन दिएनन् भन्या ईनले वांहावाट षवर लेष्यापछि नवाव गवर्नर पनि डाकमा कलकत्ता आउन्याछन् भन्या षवर अंरेजहरूका जवानि सुनिन्छ नेपालका वकीललाइ लुधियांनामा लाहोरतिर जान मनाहि गरि रोकिराष्याको छ भनि फार्सि अषवार्मा र समाचार दर्पन अषवार्मा छाप्याको रहेछ दुवै अषवार हजूर्मा चह्राइपठायाको छ मैह्ला मैह्लामा साहव सिक्रटरि दर्वार गर्थ्या ३ मैह्लादेषि यांहा गर्मि ज्यादा हुन्छ भनि अयानक गै वस्याका छन् वाहावाट आइ कौसलमा काम गर्छन् मलाइ फुर्सत छैन भनि दर्वार गर्दैनन् आजकाल पुर्व पच्छि-मतिरको गडवड हुनाले कामले फुर्सत नपाइ दर्वार वन्द गर्‍याको होला भन्या जस्तो लाग्छ पायाको षवर विन्ति चह्राइ पठायाको छ इति सम्वत् १८९५ साल मिति श्रावण वदि १ रोज १ मौकाम कलकत्ता जीतपुर शुभम् – –

सेवक लोकरमणोध्यायको वेदोक्त पुराणोक्त सहस्रकोटि शुभाशीर्वाद शुभम् – – – – – – – –

–०–

नं. ६८

श्री ५ सर्कार

१

अर्जि – – – – – – – – – – –

उप्रान्त श्रावण शुदि २ रोज ५ का मितिमा महाराजा रन्जितसिंह र लाठ साहेवको भेट मुलाकात भयाको असवरन्सावले वनायाको नक्सा र वयांनको किताव चाडो षरिद गरि चाडो पठाउन्या काम गर भनि वक्सि पठाया गयाको लालमोहर भाद्र वदि १ रोज ६ का दिन डाक-मार्फत पाइ सीर चह्रायां महाराजा रन्जितसिंह र लाठ साहवसित मुलाकात भयाको तसविर सव मजिलिससमेत असवरन्साहव चिन गयापछि उन्का असवाव लिलाम हुदा

लिलामघरमा देष्याथ्यां पैल्हे फर्माएस नहुदा षरिद गर्न सकिएन हुकुम आयापछि यांहाका अंरेज बंगालि दोकान्दा-रहरूका दोकानमा तलास गन्यां पनि अरू तलासमा लागि-रह्यांछु अरू पाइयाको छैन पाउन्याविक्तिकै हजुर्मा चह्लाइ पठाउला लाठसाहवका साथ पन्छाहवाट आयाको सौगातको असवाव भाद्र शुदि ८ का दिन लिलाममा विक्री हुन्याछ भन्या षवर सुनिन्छ उस् दिन लिलाम हुदा पाया षरिद गरि चह्लाइ पठाउला हालसाल तलासमा काही पाइयो भन्या षरिद गरि चह्लाई पठाउला महाराजा रन्जितसिह र लार्ड अक्लन्डका मुलाकातका वयांनको किताव षोज्दा पाइदैन अघिका लार्ड विन्टिसित महाराजा रन्जितसिहका मुलाकात भयाका वयान्को किताव टोपि प्रेन्सिप साहेवले वनाइ छपा-याको तलासमा पाइयो षरिद गरि चह्लाइ पठायाको छ हजुर्मा गुजूला यांहा लडाई भिडाइको हालसुरत पायाको पैल्हेका अर्जिमा विन्ति चह्लाइ पठायाको हो यांहा अंग्रेज-हरूसित मुलाकात हुदा अवस्य लडाइँ हुन्छ भन्छन् कदाचित् मसित पेट राषि कुरा गर्छन् कि भनि हाफिज अहमद कविर अवि मदर्साका अमीनलाइ अभिन्तर वुझन भनि लायांथ्यां उनले कुराका प्रसंगमा सोधपुछ गर्दा नेपालका तरफवाट साह्रै अचाकलि हुन लागिरहेछ वल्किन्सन साहव तिह्रुउत जिल्लाका कलक्टर्ले एस जिल्लाको सिवाना नेपाल्का तरफ-वाट फौज आइ दवायाको सुनि मनाहि गर्न भनि नाजिरलाइ पठायाथ्यां नमानि नाजिरलाई निकालि दि सिवाना दवाया भन्या कौशल्मा लेष्याका चिठिले नेपाल्का तरफवाट साह्रै अचाकलि हुन लाग्यो भनि लाठ साहव साह्रै दिक भयाका छन् भनि टोपि प्रेन्सिप साहव तेस्रो कौसलिले हाफिज अहमद कविरसित भन्याका कुरा उनले मसित षसोषास वयांन गन्या कललत्ताका पुलिसका सुपरिडन्ट कपतान वच साहव-सित भेट हुदा वातचितका प्रसंगमा नेपालसित सर्कार कम्प-निका अवस्य विग्रन्छ मेरो पल्टन वनारसमा छ मलाइ पनि जानु भनि हुकुम भयाको छ पल्टन कुच हुन्या ताकमा म पनि यो काम छोडि आपना पल्टनमा सामेल हुन जांला भन्या कुरा गन्या हाम्रा त लडाइको मन्सुवा थिएन कम्पनिका तर्फवाट षानषा अहद पैमान छोडि विग्रन्छौं भन्याका वेलामा हाम्रा तर्फवाट पनि विग्रनै पर्ला सलुक दुवैतिरवाट राष्या रहन्छ एकैतिरबाट राषि रहदैन भनि मैले भन्दा तिमिहरूका तरफवाट अचाकलि हुन्छ हाम्रा अंग्रेजको पैल्हे आफु विग्रन्या दस्तुर होइन जाहांताहां सिवानामा लस्कर आइ हाम्रा कम्पनिका जगामा लुटपिट गरेर लैग्या दोस्तिमा यस्तो चाहिन्या हो क्या तव अरू पनि धेरै कुरा छन् तिमि-लाइ त केहि लेषि आवदो रहेनछ तिमि केहि थाहा पाउदा रहेनछौ हिन्दुस्थानमा एस्तै वेवन्दोवस्त हुनाले हामिले अर्का वेलाएतवाट आइ हिन्दुस्थानको वेलाएत लियुं भनि ठट्टा गन्या कै कुरा गन्या भयाको विस्तार मलाइ लेषि आउदैछ नभयाको तिमिहरूकाहांको जस्तो फैकिं हाम्रा मुलुकमा लेषन्या दस्तुर छैन भनि मैले जवाफ दियां पायाको षवर विन्ति चह्लाइ पठायाको साचो झुटो कसो हो को जनि हजुर्मा जाहेर होला हजुरवाट केहि लेषि नआउदा यांहा म साह्रै अन्दाधुन्दमा परिरह्यांछु लडाइको षवर सुन्याका दिनदेषि नाएव वकीललित एक दिन भेट भएथ्यो लडाइं अवस्य हुन्छगरे भन्या षवर सुनिन्छ म ता आफना जिवि-कामा लागिरह्यांछु तिमि पनि आफ्नु केहि वन्दोवस्त गर्न्या भयादेषि गर भन्थ्या हाम्रा त पुस्तानपुस्तादेषि--१-- का तावेदार रैयत निमकषार हुं हाम्रा वन्दोवस्तको उपदेश तिमिले गर्नुपर्दैन लौ भनि जवाफ दियां उहिलेदेषि फरि मुलाकात भयाको छैन फेला पन्या लोकरमण उपाध्या पर्नन् हामि ता अंग्रेजका अमल्मा पनि वादशाहका सहभित्र कम्प-निको हुकुम नचल्न्या ठाउंमा वस्याका छौं हाम्रो केहि विग्रन्याछैन भन्या कुरा आपना इष्टमित्रहरूसित गर्छन् अरे भन्दा सुनिन्छ एस्ता बेलामा अभिन्तर वंगालिहेरूसित पेट पसि वात वुझन पठाउं भन्या पनि नाएवसित मुलाकात हुदैन यांहा भयाको हालसुरत अर्जि विति चह्लाइ पठायाको छ ब्रह्माका मुलुकका सिवानामा मौलिमनका छाउनीमा रह्याका लस्कर्मा एक पल्टन गोराले दानापुर जानु भन्या कौसलवाट हुकुम गयो इति सम्वत १८९७ साल मिति भाद्र वदि ९ रोज ६ मोकाम कलकत्ता जितपुर शुभम् – – –

सेवक लोकरमणोपाध्यायको पुराणोक्त कोटि कोटि शुभाशीर्वाद शुभम् – – – – – – –

–०–

नं. ७५

अर्जि – – – – – – – – –

उप्रान्त जाम जाहानुमा फार्सि अषवार्मा नेपालको वकील लुधियांनामा कएद छ भनि छाप्याको रहेछ अरू पनि देसावर्का रूषमुलुकतिरको षवर अषवार्मा छाप्याको रहेछ अषवार हजुरमा चह्लाइ पठायाको छ वेहोरावार जाहेर

होला श्रावण वदि ६ रोज ६ का दिन बुझन भनि अंग्रेज-हरूकाहां जादा जिमिस प्रेन्सिप साहव वडा साहव हुन् उन्सित भेट हुदा नेपालवाट दोस्त महमद षांकाहां वकिल भै मातवर्सिंह थापा जादा रह्याछन् लुधियानामा पकडियाका छन् भन्दा सुनिन्छ दोस्तिका मोकाममा एस्तो वात चाहिन्या होइन कसो हो भनि मसित सोध्या यो वात केही भयादेषि मलाइ लेषि आवन्या हो केहि लेषि नआउदा सच्चा होला भन्या जस्तो लाग्दैन मातवर्सिंह थापाहरू कामदेषि षारिज भयाका छन् यांहा सवै साहवानहरूलाइ मालुम छ काबुलमा सफिर गरि पठाउनुभयादेषि अरू आदमि जादा हुन् काम-वाट षारिज भयाका आदमी जादैनहुन् एस वातले पनि अषवारवालाहरूले झुटा वात छाप्याको होला भन्या जस्तो लागछ भनि जवाफ दियां अषवारको प्रतित हामि पनि मान्दौन दारजिलि भन्याका मोकाममा नेपालका फौजले सर्कार कम्पनिको जमिन दवायाको षवर सुनि सर्कार कम्प-निका तर्फवाट पनि केहि फौज वाहां तैनाथ भयाको छ यो कुरा कसो हो भनि सोध्या एस वातको षवर केहि पायाको छैन षवर मालुम भया भन्दा हु साचो वात भया मलाइ षवर पनि हुदोहो भनि जवाव दियां रूषका वादसाह र इरानका वादसाह जोधपुरतिरका सर्दारहरू वर्माका मुलुकका राजा चिन नेपाल सवै मिलि सर्कार कम्पनिसित लड्नाको इरादा छ भन्दा सुनिन्छ अव कसो कसो हुन्छ पछि मालुम होला भन्न लाग्या यांहा भयाको षवर हजुरमा विन्ति चह्राइ पठायाको छ मदन तेवारि विवाह गर्न गयाका अझ-संम आयाका छैनन् यांहा काहि जान आउन बुझ विचार गर्न अंरैजि षवर्का कागजको हुवाल पढन्या पनि कोहि छैनन् हजूर्मा विन्ति चह्राइ पठाउनासंमको मेरो सामर्थ हो अर्जि विन्ति चह्राइ पठायाको छ इति सम्वत् १८९५ साल मिति श्रावण वदि ६ रोज ६ मौकाम चितपुर शुभम्– – –

सेवक लोकरमणोपाध्यायको वेदोक्त पुराणोक्त सहश्र-कोटि सुभासीर्वाद शुभम् – – – – – – –

–०–

नं. २८२

श्री ५ हजूर

१

अर्जी – – – – – – – – – – – –

उप्रान्त मिति भाद्र शुदि ३ रोज ५ मा –१– वाट दिल्लीमा वालाशंकर मिश्रमार्फत पठाई वक्सनुभयाको कृपापात्र आई-पुग्यो कृतार्थ भै सिर चह्रायाँ दिलमा निहायत षुशी हासल भयो –१– का हुकुम सिर चह्राई मिती आश्विन वदि ३० रोज ३ का दिन हामीहरू डिल्लीवाट कूच गर्‍यां वाकी आजकाल यहां अंग्रेजहरूले लूध्याना कर्नाल मीरठमा रस-दहरू जंमा गर्न लागिरहेछ पटियालेवाला राजासंग अनाज ५ लाष मन नाभेकाला राजासंग अनाज २।। लाष मन कोट-लावाला राजासंग १।। लाष मन अनाज सापट लीसक्या फेरी अरू राजा रजवाडाहरूसंग रुपैयां र अनाजहरू सापट मांग्दैछन् ज्यादा यहांको अहेवाल वालाशंकरका अर्जीले जाहेर होला वाकी सेवकहरूले जान्या सुन्याको हालसुरत –१–का चरणारविन्दमा दाषील भयापछि विन्ती गरुलां ज्यादै लेषीयाको वेअद्वी कुसूर वरअप्सर्माफ वक्स्याजावस् इति सम्वत १८९५ साल मिती आश्विन वदि ३० रोज ३ मुकाम दिल्ली चलिचलाव शुभम् – – – – –

–०–

नं. ३२४

ज्वालानाथले काजीका चिठिमा लेषिपठायाको षवर––

अंरेजी सन् १८३९ अप्रैल महीनाको २४ तारीषमा कन्धार फत्ये भयो वाहापछि माहाराजा रंजितसित स्वर्गवास भया आषाढ सुदि ४ का दिन दस्तुरवमोजिम खड्गसिंहले राज्य गर्‍या सावन वदि १० मा लाठ साहेवले लाहोरवालाका निमित्त तोफान पठाउनाको तयारी गर्‍या सावन सुदि ९ मा षैवरको दर्रा अली मसजिद जलालावाद फत्ये भयो सावन सुदि १४ मा कावुल पत्ये भयो भनी लेषियाको छ शुभम्–

## अर्को पुर्जिको षवर

डिल्लीका वादसाह डिल्लीदेषि ८ कोस फरक कुतुव साहेवमा छन् वडा साहेव मिस्टर तामस साहेव वहादुरले हाजीर भै हरूट साहेवलाई दर्सन गराउदा सकत्तरले ४ असर्फि नजर राष्या वादसाहवाट ६ पार्चा तीन रकमको षिलत वकस भयो – – – – – – – –

–०–

# जनकपुर अंचलको पुरातात्विक सर्वेक्षण २०२८

–देवीप्रसाद लंसाल
–राधेश्याम भट्टराई

राष्ट्रिय अभिलेखालयले पुरातात्विक महत्वका वस्तुहरूको संरक्षण, संवर्धन र संरक्षण गर्दै आएको छ। डांडाकांडा र तराईमैदानले बनेको हाम्रो देश हिउंका उत्तुंग टाकुरादेखि तराईको मैदानसम र मेचीदेखि महाकालीनदीसंमका पाखाभित्ता र कुनाकाप्चाहरू ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक वस्तुहरूले खचाखच छन्। यसरी फैलिएका सामग्रीहरू असुरक्षित अवस्थामा हुनु स्वाभाविकै हो। असुरक्षाको मात्रा बढेपछि रक्षणीय वस्तुको नाश पनि अवश्यंभावी हुन्छ। त्यसैले देशका विभिन्न भागमा छरिएर रहेका पुरातात्विक अभिलेख, ताम्रपत्र, काष्ठपत्र, शिलापत्र, लालमोहर, रुक्का, मूर्ति, मठमन्दिर, पाटीपौवा, पुस्तकहरू र कागजात आदिको खोजतलास गरी संरक्षण, संवर्धन र संकलन गर्न केही वर्षअघिदेखि राष्ट्रिय अभिलेखालयले उपत्यकाबाहिर पनि "अनुसन्धानभ्रमणटोली" पठाउन थालेको हो।

यसरी खटिएर जाने अनुसन्धानभ्रमणटोलीले तोकिएको अंचल वा जिल्लामा यथासंभव मठ–मठ, मन्दिर–मन्दिर, गाउं–गाउं र घर–घर चाहारेर गौरवमय पुरातात्विक वस्तुहरूको संभव भएसम सकल चीज र संभव नभए त्यसको फोटो खिची अभिलेखालयको संग्रहमा समावेश गर्ने गर्छ। आफ्ना घरमा पुस्तौंदेखि सुरक्षित राखिएका पुरातात्विक वस्तुहरू एकाएक अर्कालाई सुंपन हम्मेशी कसैले पनि सक्दैन। त्यसकारण अर्काका घरमा र सुरक्षामा रहेका महत्वपूर्ण चीज प्राप्त गर्न सम्बन्धित व्यक्तिको मन पगाल्न सक्नुपर्छ। यसै सिलसिलामा अभिलेखालयले पुरातात्विक सर्वेक्षण गर्न २०२८ साल माघमा चार सदस्यीय एउटा अनुसन्धानभ्रमणटोली जनकपुर अचलमा पठाएको थियो।

ज्योतिषाचार्य देवीप्रसाद लंसालले नेतृत्व गरेको हाम्रो अनुसन्धानभ्रमणटोलीमा सहायक ज्योतिषाचार्य राधेश्याम भट्टराई, ह्याण्डल्यामिष्ठ बलराम चापागाईं र माइक्रोफिल्मिष्ट विजयशंकर श्रेष्ठसहित हामी चार जना सामेल थियौं। जनकपुर अंचलको पुरातात्विक सर्वेक्षण गर्दा उपलब्ध भएका वस्तुहरूलाई अनुसन्धानभ्रमणटोलीको प्रतिवेदनको रूप दिइएकोले उपलब्धिको नवीनता र प्राचीनता छुट्याउने प्रयास नगरी टोलीको सम्पूर्ण संग्रहका रूपमा प्रस्तुत गरेका छौं।

माघ ९ गते, राजधानीको जाडो सिर्मिरेमै लुगलुग काम्दै हामी विमानघाट पुग्यौं। पहाडका डांडाकाडा, भित्री तराईका खोच, नदीनाला र तराईको समतल मैदान पार गर्दै हामी चढेको विमान जनकपुर विमानघाटमा उत्र्यो। राजधानीबाट एकाएक मधेस पुगेकोले गर्मीको केही अनुभव गर्दै आफ्नो काम शुरु गरिहाल्यौं। अभिलेखात्मक प्राप्तिका लागि जनकपुरधामका जानकीमन्दिर राममन्दिर चाहार्नेपर्छ। हाम्रो अनुसन्धानको शुभारम्भ पनि यहींबाट भयो। जनकपुरधाममा उपलब्ध कागजातहरू यस प्रकार छन्:—

मकवानपुरका राजा मानिक सेनले श्री गोसाईंको नाउंमा गरिदिएको सं. १७८० को लालमोहर–

श्री सीताराम

नवातीक

स्वस्ति श्रीरूपनारायणेत्यादि वीवीध वीरुदावली वीराजमान मानोनत श्री महाराजधिराज श्रीश्रीमन्मानिकशेनदेव–

वानाम् सदा शमरवीजनास्– – – – – – – –
श्री गोसाईकै प्रगना कोराडीमध्ये जनकपुर पटि वैराहि टोला श्री ... ... के प्रीती कैदीइ ऐही पत्र अपने षातिर ज्माशै जोतथ् जोतायथ् तलाश तरकदकै भोग्य करथ् आसीर्वाद श्री......क महीमर्श दइकरथ् इती शवत् १७८० साल भाद्र......शुदी......रोज मोकाम मकवानपुर– – – –

रामदाश
रुजनां हरसी वानीया

—०—

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट सं. १८२८ मा महन्त सुमरनदासलाई पूजाआजाका निति कुशबिर्ता दिएको लालमोहुर—

श्रीदुर्गा सहाय
विष्णु

स्वस्ति श्रीगीरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमानमानोन्नत श्री मन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजे पृथ्वीनारायण साह बहादुर समसेर जं देवानां सदा समरविजयिनाम्– – – –
आगे महन्त सुमरनदासको प्रगन्ना कोराडीमध्ये मौजे जनकपुरमै वेलाहि ससिम साविक वदस्तुर कुसविर्ति जानि श्री... ... पूति वहाल कैदिया है अपने षातिर जमासै वसै वसावै आवादकै कुसविर्ति जानि सर्वअंक वेतलव भोज किया करे श्री ... ... का सेवा पुजा किया करे श्रीहजुरमो आसिर्वाद दिया करै धर्म चलाया करै इति सम्वत १८२८ साल मीति चैत वदि १ रोज ६ मोकाम काठमाडौ सुभम्—

—०—

श्री ५ रणबहादुर शाहबाट परमानन्द दासलाई जानकीमन्दिरको महन्त्याइं दिएको सं. १८४७ को लालमोहर–

श्रीदुर्गा सहाय
श्रीजानकीज्यू

स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमानमानोन्नत् श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजे रणबहादुर साहबहादुर्समसेर जंग देवानाम् सदा समरविजयीनाम्— — — — —
आगे जनकपुर ... .. का मठका प्रमानन्द दासलाई अघी अरू अरू अस्थानका महंतहरूले महंती टिका कंठी दिगादिमा बसायाको रहेछ पछि हाम्रा हजुर (मा) विसंभर दासले फिऱ्याद गर्न आयो हाम्रा गुरुको महंती हो महंतको चेला महंत हुन्छ भन्दा मोहर गरिवक्स्याको हो पछि बुझदा भाट र संजोगी ठहऱ्यो तेस अस्थानमा भाट र सजोगीलाई महंती हुन्या होईन तेसर्थ परमानन्द दास ब्राह्मणका छोरा हो ब्राह्मणका छोरा नैष्ठिक जानी महंती वक्स्यौं आफ्ना षातिर्जमासंग महंती गर्नु सदावर्त धर्म चलाउंनु हाम्रो जये मनाउंनु आसिर्वाद दिन्या गर...... धनुशाका पुजा वेस गरि गर्नु ईती सम्वत १८४७ साल मिती आश्विन वदि १३ रोज २ मोकाम सहर काठमाडौं— — — — — — —

—०—

श्री ५ रणबहादुर शाहले प्रमानन्द दासलाई महन्त्याइं दिएको सं. १८४९ को लालमोहर यसको वेहोरा माथिको लालमोहरकै भएकाले अक्षरशः दिन आवश्यक परेन ।

रामगुलेला दासले स्वास्नी राखेको हुनाले निजलाई महन्त्याइंबाट बरखास्त गरी रामदास वैरागीलाई जानकीमन्दिरको महन्त्याइं दिएको सं. १८९६ सालको श्री ५ राजेन्द्रको लालमोहर यस प्रकार छ—

श्रीदुर्गाज्यू
श्रीजानकीजी
१

स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलि विराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराज राजेन्द्रबिक्रम शाह बहादुर सम्सेर जंग देवादां सदा समरविजयिनाम्— — — — —
आगे रामदास वैरागीकै जिल्लै महुत्तरि प्रगन्ना कोराडिका अस्थान जनकपुर वैरागिपट्टिको महन्त्याइं महंत रामगुलेला दासले आफु महंत भै स्वास्नी तुल्याउंदा स्वास्नि राषन्या महंतहरूलाई मठबाट बर्षास गर्नु भन्या ९६ सालमा बन्देजका लालमोहर हुदा तसर्थ रामगुलेला दासका ज्येठा

चेलाको पनि चेला पनि रहेछ तिमीलाई महंत्याई र राम-गुलेला दासलाई मठको कारोवार परपजनि वहिपत्रसमेत तैनाथ गरि तिमीलाई महंत्याई गरिवक्स्यौ आफ्ना षातिर-जामासित मठको धन जत्रतत्र राष्याको र कमारा वैरागि-स ंग लाग्याको सवै लि हाम्रा सर्कारको सलामि पनि चह्राई पठाउनु सुपद मठमा लाग्याको रिन पनि तिर्नु आउन्याजान्या वैरागिहरूलाई सदावर्त चलाइ ..१... का पूजा धुपदिप नैवेद्य फलफुल अछेत र पर्व पर्वका पूजामा हिजोदेषि चलिआयाकोमा कत्ति नघटाइ चलाउनु सेष रह्याको सिष्योपसिष्य मिलि हाम्रो जय मनाइ भोग्य गर इति लम्वत १=९६ साल मिति कार्तिक सुदि १४ रोज ४ शुभम् – – – – – – – – – –

–।–

महन्त वज्रंग दासलाई दिएको महन्त्याई खोसी हरि-भजन दासलाई जानकीमन्दिरको महन्त्याइं दिएको सं. १९३० सालको श्री ५ सुरेन्द्रको लालमोहर–

श्रीदुर्गाज्यू

श्रीजानकीजी

१

श्रीमनदतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराज जंग-बहादुर राणा जी. सी. वी. आण्ड जी. सी. ऐस. आई. थोङ लिन पिम्माको काङ वाङ स्यान प्राइम्मिनिष्टर याण्ड कम्यांडर ईन्चीफ–

२

स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमानमानोन्नत श्रीमन्महाराजाधि-राज श्रीश्रीश्रीमहाराज सुरेन्द्रविक्रम साह वहादुर संसेर जंग देवानां सदा समरविजयिनाम् – – – – – आगे महन्त हरिभजन दासके जीत्लै महुत्तरि प्रगन्ना कोराडी मौजे जनकपुरका ..१... का मठ अस्थानका २८ सालसंम तिम्रा गुरु महन्त नरहरि दासले महन्त्याई चलाई षायाको तिम्रा गुरु नरहरि दास मर्दा २९ सालका वालो-देषी महन्त वज्रंग दासलाई महन्त्याईको लालमोहर गरि-वक्स्याकोमा नीज ......१...... का मठ अस्थानको अघी-देषी हाम्रा गुरु पुर्षाका नाउंमा लालमोहर तावापत्र भै २८ सालको वालीसम्म महन्त्याई चलाई...१... का नीत्य पूजा भजन गरि सर्कारको जये मनाई षाई आयाको मठ जग्गा नीज महन्त नरहरि दासका चेला हामीहरू छदै वज्रंग दासलाई हाम्रो मठ जग्गा जान्या होईन भनि तिमिले......२... का हजुरमा वीन्ती गर्दा १९३० सालका वालोदेषी सो मठ अस्थानको तिमीलाई महन्त्याई दर्शन् गरायाको वीस्तार नीज २... र श्रीमद्राजकुमार कुमा-रात्मक श्रीकम्याण्डर इन चीफ जनरल रणउद्दीप सिंह कूवर राणावाट हाम्रा हजूरमा विन्ती पार्दा जाहेर भयो तसर्थ... १... का मठ अस्थान जग्गाको २८ सालसम्म तिम्रा गुरु नरहरि दासले महन्त्याई चलाई आयाकोमा तीम्रा गुरु मर्दा २९ सालका वालीदेषी महन्त वज्रं दास-का नाउंमा भयाका महन्त्याईको लालमोहर हानी ३० सालका वालीदेषी तीमीलाई महन्त्याईको लालमोहर गरि-वक्स्यौं नीज ... १... का मठ अस्थान तालुकका जगाजमीन सनद दस्तावेज तावापत्र सिलापत्र जगेरा धन् माल नगद जीन्सी चौपाया गैह्र बुझि ली मठ अस्थान तालुक्का जगा-को पैदावारले तावापत्र सिलापत्र दानपत्रमा लेषीयावमो-जीम कत्ति नघटाई....१... का नीत्य नैमीत्यक पर्व पर्व-का पुजाआजा धर्म सदावर्त चलाई सेष वाकी रह्याको तिमीले षाई सावीकवमोजीम तेस मठका चौधराई फाटमा गाभीयाको कटैयाका महन्त वलवन्त गिरिको षतमी सला-मी मोहरु ७०० नीज कटैयाका महन्त वलवन्त गीरीवाट बुझि ली तीमीले सालसाल कचहरिमा बुझाई रसीद फार्षति ली सीष्योपसिष्य मीली हाम्रो जये मनाई महन्त्याई जानी भोग्य गर ईति सम्वत् १९३० साल मीति मार्ग सुदि १२ रोज २ शुभम् – – – – – – – – –

– | –

महन्त हरिभजन दास मरी खाली भएको जानकीम-न्दिरको महन्त्याई चेला रामकृष्ण दासलाई दिएको श्री ५ पृथ्वीवीरविक्रमको सं. १९५३ को लालमोहर–

श्रीदुर्गाज्यू
श्रीजानकीजी

१

श्री मदतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराज वीर-सम्सेर जंग राणा वहादुर के. सी. यस. आइ. थोङ लोङ पिम्माको काङ वाङ स्याङ प्राइम्मिनिष्टर यान्ड कम्यांडर इन चीफ

२

स्वस्ति श्रीगीरिराजचक्रचूडामणि नरनायणेत्यादि विविधविरुदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराज पृथ्वीवीरविक्रम जंग वहादुर साह बहादुर सम्सेर जंग देवानां सदा समरविजयिनाम्———आगे महंत रामकृष्ण दासके जिल्लै महुत्तरि जनकपुर ..१... का मठ् अस्थानका महंत तिम्रा गुरु हरिभजन दास मरेको हुनाले नीज ... १ का मठ् अस्थान जगाको महंत्याको लालमोहर गरि पाउ भनि तिमिले .. २ ... र श्रीमद्राजकुमार कुमारात्मज श्रीकम्याण्डर इन चिफ जनरल देवसम्सेर जंग राणा बहादुरका हजुरमा विन्ती गर्दा १९५२ सालका वालिदेषि तिमिलाइ महंत्याइ दर्शन् गरायाको विस्तार ...२... र श्रीमद्राजकुमार कुमारात्मज श्री कम्याण्डर इन चिफ जनरल देवसम्सेर जंग राणा बहादुरवाट हाम्रा हजुरमा विन्ती पार्दा जाहेर भयो तसर्थ जिल्लै महुत्तरि जनकपुर १... का मठ् अस्थान् जगाको १९५२ सालका वालिदेषि तिमिलाई महंत्याइंको लालमोहर गरिवक्स्यौं नीज...१... का मठ् अस्थान्तालुकका जगाजमीन् सनद दस्तावेज तावापत्र सिलापत्र जगेरा धन माल नगद जिन्सी चौपाया गैह्र बुझि ली सो मठ अस्थान तालुकका जगाका पैदावारले तावापत्र सिलापत्र दानपत्रमा लेषियावमोजिम र साविक दरसाविकदेखि दरिचली आयावमोजीम कत्ती नघटाई...१... का नित्य नैमित्यक पर्व पर्वका पुजाआजा धर्म सदावर्त चलाई सेष वाकि रहेको तिमिले षाई सिष्योपसिष्ये मिली हाम्रा जय मनाई महंत्याइं जानी भोग्य गर ईति सम्वत १९५३ साल मिती वैसाष वदि १ रोज २ शुभम्—

—|—

संकल्प पढ्ने काम पुरोहित पं. यदुनाथ अर्याल र पानी हाल्ने काम काजी भीमसेन थापाद्वारा संपन्न गराई श्री ५ गीर्वाणबाट राममन्दिरको नयाँ मन्दिर बनाएबापत काजी अमरसिंह थापाका नाउंमा राममन्दिरको व्यवस्थाका निमित्त गूठ राख्न दिएको सं. १८६४ सालको ताम्रपत्र—

श्रीदुर्गासहाय
श्रीरामलक्षोमण:

स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजे गीर्वाणयुद्धविक्रम साह बहादुर सम्सेर जंग देवानां सदा समरविजयीनाम्— — — — आगे काजि अम्वरसिंह थापाके जनकपुरमा...... को नयाँ मन्दिर वनायाको तम्रा तरफवाट गुठि सदावर्त राख्नानिमित्त वक्स्याको जिल्ला महुत्तरि प्रगन्ना कोडारिमध्ये मौजे मनपट्टि मछौरा अवादि विगहा ५० वैरानि विगहा १५० जगा विगहा २०० तसको चौर्तफि साधसिवाना पूर्वका सिवाना मौजे नरहिया डिहिका नैरित्या कोना दिवराका भिउपर कोईला तिस्को सोझोसो उतर दषिन सरासर पूर्व मौजे नरहिया रैकर पश्चिम मौजे मनपट्टि मछौरा विर्ताको सिवाना १ दषिनको सिवाना मौजे पडुरेश्वर वितांका भंडार कौन दैनि पोषरिको पश्चिम नदि नदिको पुरानु वांध वांधका सोझो पश्चिम पाकडिका गाछ गाछका पश्चिम मुपैनि पुराना डौडामु पूरानु वांधतक तिस्का सोझा पुर्व पश्चिम सरासर दषिन मौजे मनपट्टिका जमिन रैकर उतर मौजे मनपट्टि विर्ता पुर्व पश्चिम शिवाना १ पश्चिमका शिवाना मौजे मनिपट्टि वस्ति वाबुराम राईका टोलका भन्दारकौन नदि नदिका पश्चीम ठुटा पिवरका गाछ गाछका ईशानकौन सात लगापर दिवराका भिउपर कोईला तिस्का सोझा उत्तर दषिन पश्चिम मौजे मनपट्टिका जमिन रैकर पुर्व मौजे मनपट्टिका विर्ताका शिवाना १ उत्तरका सिवाना मौजे भगवानपट्टिका दषिन वारि सिवाना पर नदि नदिमु पूर्व पश्चिम पूराना वांध वांधका सोझा पश्चिम पश्चिममु पैनि पैनि सरासर पूर्व पश्चिम उत्तर मौजे भगवानपट्टि रैकर दषिन मौजे मनपट्टि विर्ताको शिवाना १ चकलावन्दि नापका पूर्व वारि शिवाना मौजे नरहियाका पछवारि शिवानाका भिउपर कोईला तेस्का सोझा पश्चिम सरासर पछवारि शिवाना मनिपट्टि वावुराम राईका येलाका भन्दारकोन नदिका पश्चिम ठुटा पिपरका गाछ तस गाछका

ईसानकोन सात लगापर दिवराका भिउपर कोईलातक पूर्व पश्चिम रसरि १४।२ दषिन वारि शिवाना वावुराम राईका टोला दषिन पूर्व पश्चिम पैनि तेसका उत्तर भगवानपट्टि मक्षौराका दषिन वारि शिवाना पर वांध पूर्व पश्चिम तेसका दषिन रसरि १४।३ ताके विगहा १९९।। उठकोनधि मौजे मजकुरको ईसानकौन नरहियाका शिवाना लगाई वगदस १० यति कीलाभित्र जमा विगहा २०० सम्वत १८६३ साल मिति चैत्र सुदि १४ रोज ३ देषि सिवाये कल्यानधन सर्व कर अकर सर्वांक माफ कुश पानि... सकल्प गरि विर्ता वितुलपको मोहर तावांपत्र गरिवक्स्यौं आफ्ना षातिरजामा-संग विर्ता वितलप जानि गुठ सदावर्त राषि धर्म चलाव यो विर्ता वक्संदा संकल्प वाक्य पढ्न्या प्रोहित यदूनाथ पंडित अर्ज्याल पानि हालन्या काजि भिमसेन थापा संधियार जिल्लै महतरिको सुधानयनसिं फौजदार रमानन्द पाध्या मुनसिफ श्रीहर्क पाध्या पैसकार धर्मपतिदास नारानदत्त दास चौधरि भिषं दास वैकलम कालिदास कानुगोये... रामदास जेठरयात रघुनाथ राई महंत रामगुलेला दास गोसाई आई-तवार गिरि गोसाई विभूति गिरि जेठरैति पृथि राउत गोसाई तुला गिरि गोसाई विसंभर दास ।। स्वदत्ताम् परद-त्ताम् वा यो हरेत वसुन्धराम् षष्टि वर्ष सहस्राणि विष्ठायां जायते क्रिमि ।। इति सम्वत् १८६४ साल वैसाष सुदि १४ रोज ४ शुभम् — — — — — — — —

-।-

वि. सं. १७८४ सालमा मकवानपुरे राजा मानिक सेनका पालादेखि दिइआएको मैदाखिली वेलाहिपट्टिको विर्ता महन्त विसंभर दासलाई थमौती गरिदिएको श्री ५ गीर्वाणको वि. सं. १८६७ को ताम्रपत्र–

श्रीदुर्गा

श्रीजानकी

श्रीज्यूज्यूवाज्या

श्रीवाज्याज्यू

श्रीवुवाज्यू

स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नररायणेत्यादि विविधविरुदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराज गीर्वाणयुद्धविक्रम साह वहादुर सम्सेर जंग देवानां सदा समरविजयीनाम् — — — —
